मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

वर्ष ४ • अंक ५८ • २०८२ साल पौष २८ गते सोमबार • Monday 12, January 2026 • सूर्योदय: बिहान ०६:५६ बजे • सूर्यास्त: साँझ ५:३१ बजे • पृष्ठ ८ • मूल्य रु. ५/-

## जलाइएको छठघाटको पुनः मर्मत

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका–१ इदगाह चोकस्थित छपकैया पोखरीसँगै रहेको छठघाटमा केही दिनअघि फरक समुदायका व्यक्तिहरूले आगजनी गरेको शिरसोप्ता (छठी मैयाको प्रतिमा स्थल) लाई हिन्दु युवाहरूले सरसफाइ गरी पुनः मर्मत गरेका छन् । धार्मिक आस्थाको केन्द्रमाथि भएको आक्रमणप्रति गम्भीर चासो व्यक्त गर्दै विश्व हिन्दु परिषद् नेपाल वीरगंज महानगरका सह–युवा प्रमुख राजन कुमार पटेल, इनर्वा गाउँका युवा संयोजक नीरज कुमार यादव तथा छपकैया–१ का रञ्जित सर्राफको नेतृत्वमा युवाहरूको टोलीले उक्त स्थल सफा गरी पुनः रङरोगन गरेको हो ।

आगलागीबाट क्षति पुगेको शिरसोप्तालाई धोइपखाली नयाँ पेन्ट लगाएर पुरानै स्वरूपमा फर्काइएको छ । यस अवसरमा बोल्दै युवा नेताहरूले धार्मिक संरचनामाथि हुने यस्ता उच्श्रृङ्खल र अपमानजनक गतिविधिले सामाजिक सद्भावमा नकारात्मक असर पार्ने भन्दै सबैलाई संयमता र मर्यादा अपनाउन आग्रह गरे । आफ्नो धर्म, संस्कृति र आस्थाको संरक्षणका लागि हिन्दु युवाहरू सधैँ सजग र सक्रिय रहने उनीहरूको भनाइ थियो । युवाहरूको यस पहलको स्थानीय बासिन्दाहरूले समेत खुलेर प्रशंसा गरेका छन् ।

# मधेशमा ३६ लाख बढी मतदाता
# धनुषामा धेरै, पर्सामा कम

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा मधेश प्रदेशबाट ३६ लाख ३६ हजार ४ सय १४ मतदाताले मतदान गर्ने अवसर पाउने भएका छन् ।
प्रदेशका आठवटै जिल्लामा समान रूपमा ४–४ वटा निर्वाचन क्षेत्र रहेका छन् । यसअनुसार मधेश प्रदेशमा कुल ३२ वटा प्रतिनिधिसभा निर्वाचन क्षेत्र कायम छन् ।
प्रदेश निर्वाचन कार्यालय, मधेश प्रदेशका अनुसार प्रदेशभरका मतदातामध्ये १९ लाख ७२ हजार ९ सय ६४ पुरुष, १६ लाख ६३ हजार ३ सय ७४ महिला तथा ७६ लैङ्गिक तथा अल्पसंख्यक (अन्य) मतदाता छन् । यो संख्या मधेश प्रदेशको कुल जनसंख्याको ५९.४७ प्रतिशत हो ।
राष्ट्रिय जनगणना २०७८ अनुसार मधेश प्रदेशको कुल जनसंख्या ६१ लाख १४ हजार ६ सय रहेको छ । जसमध्ये ३० लाख ६५ हजार ७ सय ५१ पुरुष र ३० लाख ४८ हजार ८ सय ४९ महिला छन् ।
प्रदेश निर्वाचन कार्यालयका तथ्यांकअनुसार धनुषामा सबैभन्दा धेरै मतदाता छन् । धनुषामा कुल ५ लाख १४ हजार ५ सय ७१ मतदाता छन् । जसमध्ये २ लाख ७६ हजार १ सय २६ पुरुष, २ लाख ३८ हजार ४ सय ३५ महिला र १० अन्य मतदाता छन् । यो संख्या जिल्लाको कुल जनसंख्याको ५९.३० प्रतिशत हो । जनगणना २०७८ अनुसार धनुषाको जनसंख्या ८ लाख ६७ हजार ७ सय ४७ छ ।
त्यसैगरी सर्लाहीमा ५ लाख ११ हजार ६ सय ६ जना मतदाता छन् । यहाँ २ लाख ७८ हजार ८ सय ३७ पुरुष, २ लाख ३२ हजार ७ सय ५८ महिला र ११ अन्य मतदाता छन् । यो जिल्लाको कुल जनसंख्याको ५९.३२ प्रतिशत हो ।
बारामा ४ लाख ६५ हजार ७ सय ८४ मतदाता छन् भने यहाँको कुल जनसंख्या ७ लाख ६३ हजार १ सय ३७ छ । यसअनुसार बारामा ६१.०४ प्रतिशत मतदाता छन् । सिरहामा ४ लाख ५३ हजार ६ सय ४५ जना मतदाता छन् । यहाँको कुल जनसंख्या ७ लाख ३९ हजार ९ सय ५३ रहेकोमा ६१.३१ प्रतिशत मतदाता कायम छन् ।
सप्तरीमा ४ लाख ४६ हजार ४ सय २ मतदाता छन् । जनगणना २०७८ अनुसार यहाँ ७ लाख ६ हजार २ सय ५५ जनसंख्या छ । यस आधारमा सप्तरीमा ६३.२१ प्रतिशत मतदाता छन् ।
रौतहटमा ४ लाख ३६ हजार ६ सय ११ मतदाता छन् । यहाँको कुल जनसंख्या ८ लाख १३ हजार ५ सय ७३ रहेकोमा मतदाता अनुपात ५३.६७ प्रतिशत रहेको छ । महोत्तरीमा ४ लाख ३१ हजार २ सय ८२ मतदाता छन् । यहाँको जनसंख्या ७ लाख ६ हजार ९ सय ९४ रहेको छ, जसअनुसार ६१ प्रतिशत नागरिक मतदाता सूचीमा सूचीकृत छन् ।
प्रदेश निर्वाचन कार्यालयका अनुसार सबैभन्दा कम मतदाता पर्सा जिल्लामा रहेका छन् । पर्सामा ३ लाख ७६ हजार ५ सय १३ मतदाता छन् । यहाँको कुल जनसंख्या ६ लाख ५४ हजार ४ सय ७१ रहेकोमा मतदाता प्रतिशत ५७.५३ छ ।

## प्रदेशभर २१६० मतदान स्थल

प्रतिनिधिसभा निर्वाचनका लागि मधेश प्रदेशभर २ हजार १ सय ६० वटा मतदानस्थल र ४ हजार ४ सय ७१ वटा मतदान केन्द्र निर्धारण गरिएको छ ।
जिल्लागत रूपमा सप्तरीमा २ सय ९६ मतदानस्थल र ५ सय ६२ मतदान केन्द्र, सिरहामा २ सय २३ मतदानस्थल र ५ सय ३१ मतदान केन्द्र, धनुषामा ३ सय २२ मतदानस्थल र ६ सय ४५ मतदान केन्द्र तथा महोत्तरीमा २ सय ५८ मतदानस्थल र ५ सय ३६ मतदान केन्द्र निर्धारण गरिएको छ ।
त्यसैगरी सर्लाहीमा ३ सय १२ मतदानस्थल र ६ सय २८ मतदान केन्द्र, रौतहटमा २ सय ७७ मतदानस्थल र ५ सय ४१ मतदान केन्द्र, बारामा ३ सय ५ मतदानस्थल र ५ सय ८७ मतदान केन्द्र तथा पर्सामा १ सय ६७ मतदानस्थल र ४ सय ४१ मतदान केन्द्र निर्धारण गरिएको प्रदेश निर्वाचन कार्यालय, जनकपुरधामले जनाएको छ ।



# जसपा नेपाल र लोसपा नेपालबीच एकीकरण



**मधेशदृष्टि**
**काठमाडौँ ।**
जनता समाजवादी पार्टी, नेपाल (जसपा) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल बीच एकीकरण भएको छ । दुवै दलबीच पुस १३ गते एकीकरण गर्ने सहमति गर्दै संयुक्त प्रेस विज्ञप्ति जारी गरिएको थियो । सोही सहमतिलाई आधार मानेर एकीकरण प्रक्रिया अघि बढाइएको हो ।
सम्झौताअनुसार
एकीकरणपछि दलको नाम जनता समाजवादी पार्टी, नेपाल नै कायम रहनेछ भने पार्टीको चुनाव चिन्ह छाता रहने छ । पार्टीको झण्डा माथिल्लो भाग रातो, बीचमा सेतो र तल्लो भाग हरियो रंगको रहने तथा बीच भागमा ढल्किएको छाता रहने व्यवस्था गरिएको छ ।
एकीकृत पार्टीलाई सञ्चालन गर्न ४३ सदस्यीय केन्द्रीय समन्वय समिति गठन गरिएको छ । समन्वय समितिले आफूमध्येबाट ११ सदस्यीय सचिवालय गठन गर्नेछ । दुवै पार्टीका केन्द्रीय समिति पूर्ण रूपमा समायोजन नहुन्जेलसम्म केन्द्रीय समन्वय समिति नै पार्टीको संगठन सञ्चालन, परिचालन, निर्देशन तथा निर्णायक निकाय रहने भएको छ ।
सम्झौतामा दुवै पार्टीमातहतका सबै तह र निकायका संगठन, भ्रातृ तथा शुभेच्छुक संगठन, विभाग तथा संयन्त्र जनता समाजवादी पार्टी, नेपालको मातहतमा रहेर केन्द्रीय समन्वय समितिको निर्णयअनुसार क्रियाशील रहने उल्लेख गरिएको छ । समायोजन प्रक्रिया पूरा नहुन्जेलसम्म संगठनहरू आआफ्नो कार्यक्षेत्रमा सक्रिय रहनेछन् ।
फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि उम्मेदवारको मनोनयन पत्रमा केन्द्रीय समन्वय समितिको निर्णयअनुसार महन्थ ठाकुर र उपेन्द्र यादवले संयुक्त रूपमा हस्ताक्षर गर्ने सहमति पनि गरिएको छ । साथै, एकीकरणसम्बन्धी थप प्रक्रिया राजनीतिक दलसम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनअनुसार अघि बढाइनेछ ।
केन्द्रीय समन्वय समितिका निर्णयहरू पार्टीका संरक्षक तथा अध्यक्षबाट प्रमाणिकरण गरिने व्यवस्था छ । समन्वय समितिमा महन्थ ठाकुर संरक्षक र उपेन्द्र यादव अध्यक्ष रहेका छन् । समितिमा विभिन्न राजनीतिक तथा सामाजिक पृष्ठभूमिका ४३ जना सदस्य समेटिएका छन् ।
सम्झौतासँगै मधेश प्रदेशबाट राष्ट्रिय सभा सदस्य निर्वाचनका लागि महिला, अल्पसंख्यक र दलित समूहमा यसअघि दिइएको उम्मेदवारी निस्क्रिय गर्ने सहमति गरिएको छ ।
सम्झौतामा लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर र जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले हस्ताक्षर गरेका छन् ।

- **१२ बुँदे सहमति**

जनता समाजवादी पार्टी (जसपा) नेपाल र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)

*बाँकी पृष्ठ २ मा*

# एमालेद्वारा मधेशका १५ निर्वाचन क्षेत्रमा एकल उम्मेदवार सिफारिस

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
आसन्न प्रतिनिधिसभा निर्वाचनका लागि नेकपा एमालेले मधेश प्रदेशका विभिन्न जिल्ला तथा निर्वाचन क्षेत्रबाट प्रत्यक्षतर्फका उम्मेदवार सिफारिस गरेको छ । जिल्ला कमिटीबाट आएका सिफारिसलाई प्रदेश कमिटीमार्फत राय–सुझावसहित पार्टी केन्द्रीय कार्यालयमा पठाइएको हो ।
एमाले मधेश प्रदेश कमिटीका महासचिव मनोज पौडेलका अनुसार प्रदेशका विभिन्न १५ निर्वाचन क्षेत्रबाट उम्मेदवारको नाम एकल रूपमा सिफारिस गरिएको छ भने बाँकी क्षेत्रमा एकभन्दा बढी आकांक्षीको नाम सिफारिस सूचीमा समावेश गरिएको छ । जिल्ला कमिटीबाट आएका नाम जस्ताको त्यस्तै केन्द्रीय कार्यालय पठाइए पनि प्रदेश कमिटीले आवश्यक टिप्पणी र सुझावसमेत दिएको उनले जानकारी दिए ।
एकल सिफारिस भएका उम्मेदवारमा सप्तरी निर्वाचन क्षेत्र नं. १ बाट सुमनराज प्याकुरेल र क्षेत्र नं. ३ बाट ताराकान्त चौधरी छन् । सिरहा क्षेत्र नं. ३ बाट लीलानाथ श्रेष्ठ र क्षेत्र नं. ४ बाट बिल्टु साह एकल सिफारिस भएका छन् । धनुषा क्षेत्र नं. २ बाट उमाशंकर अरगरिया, क्षेत्र नं. ३ बाट जुलीकुमारी महतो र क्षेत्र नं. ४ बाट रघुवीर महासेठको नाम एकल रूपमा पठाइएको छ ।
यस्तै, महोत्तरी क्षेत्र नं. १ बाट लक्ष्मी महतो कोइरी, क्षेत्र नं. २ बाट रामपरीक्षण यादव र क्षेत्र नं. ४ बाट सरोजकुमार यादव सिफारिस भएका छन् । सर्लाही क्षेत्र नं. १ बाट मनोजकुमार देवकोटा, क्षेत्र नं. २ बाट धर्मेन्द्र राय र क्षेत्र नं. ३ बाट हरिप्रसाद उप्रेतीको नाम एकल रूपमा सिफारिस गरिएको छ । रौतहट क्षेत्र नं. १ बाट अजयकुमार गुप्ता र क्षेत्र नं. ३ बाट कुन्दन साह पनि एकल सिफारिसमा परेका छन् ।
केही निर्वाचन क्षेत्रमा भने एकभन्दा बढी उम्मेदवारको नाम सिफारिस गरिएको छ । सप्तरी क्षेत्र नं. २ बाट देवनाथ यादव, राजाराम यादव र प्रतिमा कुमारी देव तथा क्षेत्र नं. ४ बाट बालकृष्ण चौधरी, गङ्गाप्रसाद चौधरी र राधादेवी ठाकुर सिफारिस भएका छन् । सिरहा क्षेत्र नं. १ बाट रामशंकर यादव र केदारनाथ यादव तथा क्षेत्र नं. २ बाट नवीनकुमार यादव, दिपेन्द्र महतो र निर्मला बास्तोलाको नाम सिफारिस सूचीमा छ । धनुषा क्षेत्र नं. १ बाट जुलीकुमारी महतो, सविता यादव, रामचन्द्र मण्डल, राजकिशोर यादव र रामसिंह यादवको नाम पठाइएको छ ।
महोत्तरी क्षेत्र नं. ३ बाट रामआधार कापर र मनोजकुमार सिंह सिफारिस भएका छन् । सर्लाही क्षेत्र नं. २ बाट रामचरित्र सहनी, मोदन साह र आनन्दी कुमारी पोखरेलको नाम सिफारिसमा परेको छ ।
रौतहट क्षेत्र नं. २ बाट शैलेन्द्र साह, अबुल कलाम आजाद, अतिउल्लाह र मनोज यादव तथा क्षेत्र नं. ४ बाट उद्धव रेग्मी, आरती भण्डारी र रामजी साह सिफारिस सूचीमा समावेश छन् ।
बाराका चारवटै निर्वाचन क्षेत्रमा पनि बहु–नाम सिफारिस गरिएको छ । बारा क्षेत्र नं. १ बाट अच्युतप्रसाद मैनाली, पुरुषोत्तम पौडेल, धनमाया चौधरी, थानेश्वर सापकोटा, पुरन्देव चौधरी, सुदामा देवी राम र त्रिलोकीप्रसाद चौधरीको नाम सिफारिस गरिएको छ । क्षेत्र नं. २ बाट बलवीरप्रसाद चौधरी, अमदेवप्रसाद यादव, मख्खन पासवान, सतपाल यादव, राजेशप्रसाद साह, कौशलकिशोर सिंह, गौरीशंकरप्रसाद यादव र सहपतिदेवी हुसादिन सिफारिस भएका छन् ।
यस्तै बारा क्षेत्र नं. ३ बाट अध्यायज नन्द पाण्डे, एम. समी उल्लाह, सीमा ठाकुर, ज्वाला कुमारी साह, गायत्री देवी, सीता सुवेदी, टिना सुवेदी, रविन्द्र दास बनिया र फुलेना राउत आहत तथा क्षेत्र नं. ४ बाट अमर यादव, कृष्णकुमार श्रेष्ठ 'किसान' र सीता गुरुङको नाम सिफारिस गरिएको छ ।
पर्सा जिल्लामा क्षेत्र नं. १ बाट प्रभु हजारा, नवराज शर्मा, इन्दु घिमिरे र सुन्दरप्रसाद कुर्मी, क्षेत्र नं. २ बाट राजकुमार गुप्ता र अरविन्द सिंह, क्षेत्र नं. ३ बाट प्रमोद जयसवाल र राजकुमार गुप्ता तथा क्षेत्र नं. ४ बाट जालिम मिया, वीरेन्द्रप्रसाद यादव र गोकली कुमारी रेग्मीको नाम सिफारिस सूचीमा रहेको छ ।
प्रदेश कमिटी महासचिव पौडेलका अनुसार जिल्ला र प्रदेशबाट आएका सबै सिफारिस राय–सुझावसहित केन्द्रीय कार्यालयमा पठाइसकिएको छ । उनले भने, 'प्रतिनिधिसभा उम्मेदवारबारे अन्तिम निर्णय पार्टी केन्द्रीय कार्यालयले गर्नेछ ।'

# नेपाल मेडिकल एसोसिएसन जनकपुरमा यादव निर्वाचित



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल मेडिकल एसोसिएसन जनकपुर अञ्चल शाखाको अध्यक्षमा डा. रामज्ञान यादव निर्वाचित भएका छन् । शनिबार सम्पन्न निर्वाचनमा निकटतम प्रतिद्वन्द्वी डा. अवधेशकुमार साहलाई दुई मतले पछि पार्दै डा. यादव अध्यक्षमा चयन भएका हुन् ।
१३ सदस्यीय कार्यसमितिका लागि भएको निर्वाचनमा डा.यादवले २ सय ७६ मत प्राप्त गर्दा डा. साहले २ सय ७४ मत ल्याएका थिए । कडा प्रतिस्पर्धाबीच सम्पन्न निर्वाचनले नयाँ नेतृत्व चयन गरेको निर्वाचन समितिले जनाएको छ ।
एसोसिएसनको वरिष्ठ उपाध्यक्षमा डा. विजयकुमार कापर, उपाध्यक्षमा डा. निरञ्जन गोइत, सचिवमा डा. विजयकुमार साह तथा सहसचिवमा डा. रोविन झा निर्वाचित भएका छन् । त्यसैगरी कोषाध्यक्षमा डा. रतिश सिंह र सहकोषाध्यक्षमा डा. शम्भुकुमार साह चयन भएका हुन् ।
कार्यसमिति सदस्यमा डा. जितेन्द्र ठाकुर, डा. रविनप्रताप साह, डा. बलरामकुमार मण्डल, डा. ममताकुमारी साह र डा. रामप्रताप साह निर्वाचित भएका छन् । निर्वाचनमा धनुषा, महोत्तरी, सर्लाही र सिन्धुली जिल्लाबाट ८ सय ९५ मतदाताले सहभागिता जनाएका थिए ।

# जनकपुरधामको संशोधित बजेट दुई अर्ब ४६ करोड ८९ लाख

**जनकपुरधाम ।**
**जनकपुरधाम** उपमहानगरपालिकाले चालु आर्थिक वर्ष २०८२–८३ का लागि दुई अर्ब ४६ करोड ८९ लाख १६ हजार ८ सय ९४ रुपैयाँ वार्षिक संशोधित बजेट विनियोजन गरेको छ ।

आइतबार आयोजित चौधौँ नगरसभा (हिउँदे) बैठकले वार्षिक संशोधित बजेट विनियोजन गरेको हो । उपप्रमुख किशोरी साहले बजेट प्रतिवेदन प्रस्तुत गर्दै सङ्घीय सरकार तथा प्रदेश सरकार तर्फको समानीकरण, ससर्त, समपूरक, विशेष, राजस्व बाँडफाँट, आन्तरिक राजस्व तथा गत आर्थिक वर्षको समेत गरी उक्त बजेट पेस गरिएको बताए ।

उपमहानगरपालिकाले चालु आवको हालसम्म ९९ करोड ४१ लाख २५ हजार ४ सय ५७ आम्दानी गरेको छभने ४१ करोड सात हजार ८ सय ८ रुपैयाँ कुल खर्च गरेको प्रस्तुत प्रतिवेदनमा उल्लेख छ ।

यसअघि चालु आवका लागि १३औँ नगरसभाबाट स्वीकृत भएका अनुमानित आय तथा व्ययका विवरण कार्यान्वयनमा रहेका छन् ।

आजको नगरसभा बैठकले नगरपालिकाअन्तर्गत दरबन्दीमा कार्यरत सम्पूर्ण करार सेवाका कर्मचारीलाई यही माघ १ गतेदेखि लागू हुनेगरी स्थायी कर्मचारीसरह मासिक पाँच हजार रुपैयाँ महँगी भत्ता दिने तथा जग्गा वर्गीकरणका लागि रकम विनियोजन गरेको छ ।

उपमहानगर प्रमुख मनोज साहको अध्यक्षतामा भएको बैठकमा स्थानीय जनप्रतिनिधि तथा उपमहानगरपालिका कर्मचारीको उपस्थिति थियो ।



वीरगंजमा हुस्सुः बाक्लो हुस्सुले ढाकेको पर्साको वीरगंजस्थित घण्टाघर क्षेत्र । हुस्सु लाग्दा यहाँको जनजीवन प्रभावित भएको छ । तस्बिरः रासस

# पत्रकार उमा सिंहको १७औँ स्मृति दिवस मनाइयो

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
शहीद पत्रकार उमा सिंहको १७औँ स्मृति दिवस मनाइएको छ ।

२०६५ पुस २७ गते जनकपुरधामको रजौलस्थित आफ्नै डेरामा रहेको समयमा उनलाई एक समूहले विभत्स हत्या गरेको थियो । अज्ञात समूहबाट आक्रमणमा परी घाइते भएकी उमालाई उपचारका लागि जनकपुरधाम उपमहानगर वडा नम्बर १, मिल्स एरियास्थित केयर मेडिकलमा ल्याइएको थियो । तर उपचार सम्भव नभएपछि उपचारकै लागि काठमाडौँ लैजाँदै गर्दा बाटोमा मृत्यु भएको थियो ।



पत्रकार सिंहको १७औँ स्मृति दिवसको अवसर पारेर नेपाल पत्रकार महासंघ धनुषाले स्मृति दिवस कार्यक्रमको आयोजना गरेको थियो ।

कार्यक्रममा सञ्चारकर्मीहरु मधेशमा अझै पनि सुरक्षित महशुस गर्न नसकेको गुनासो गरे ।

कार्यक्रममा श्याम बञ्जारा, केसी लामिछाने, नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरन साह, शैलेन्द्र महतो, राजेश कर्ण, अशोक रौनियार र मनिका झा, बरिष्ठ पत्रकार रामभरत साहसहितको उपस्थिति थियो ।

यसअघि उमा सिंहको स्मृति दिवसको अवसरमा नेपाल पत्रकार महासंघ धनुषा शाखाले संचारकर्मीहरुका लागि निःशुल्क स्वास्थ्य परीक्षणको व्यवस्था गरेको थियो । ४० सञ्चारकर्मीले स्वास्थ्य परीक्षण गराएको महासंघले जनाएको छ ।

# जनकपुरधाममा मनाइयो पृथ्वी जयन्ती

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाल राष्ट्रवादी नागरिक समाज धनुषाले आइतबार जनकपुरधाममा पृथ्वीजयन्ती मनाएको छ । पृथ्वी जयन्तीको अवसरमा संस्थाले नगरमा ¥याली निकाल्दै कार्यक्रम आयोजना गरेको हो ।

जनकचौकबाट शुरु भएको ¥याली नगरका विभिन्न स्थानको परिक्रमा गर्दै पुनः जनकचोकमै आएर कोणसभामा परिणत भएको थियो । नेपाल राष्ट्रवादी नागरिक समाज धनुषाका अध्यक्ष प्रकाशजंग रानाको नेतृत्वमा ¥याली निकालिएको हो ।



कार्यक्रममा बोल्दै अध्यक्ष रानाले नेपाल एकीकरणमा राजा पृथ्वीनारायण शाहले खेलेको ऐतिहासिक भूमिकाको स्मरण गर्दै नेपाली समाजलाई एकतामा बाँध्न उनले पु¥याएको योगदानको कदर स्वरूप ३०४औँ जन्मजयन्ती मनाइएको बताए ।

उनका अनुसार पृथ्वीनारायण शाहले तत्कालीन बाइसे र चौबिसे राज्यहरूलाई एकीकरण गरी वृहत नेपाल निर्माण गरेका थिए ।

कार्यक्रममा सहभागी वक्ताहरूले पृथ्वीनारायण शाहका उपदेश र नीति–दर्शन वर्तमान परिस्थितिमा पनि उत्तिकै सान्दर्भिक रहेको उल्लेख गर्दै उनको दूरदर्शिताको चर्चा गरेका थिए ।

# थारु कल्याणकारिणी सभा कतारको नेतृत्वमा चौधरी

**रामएकवाल राम**
**दोहा, कतार ।**
थारु कल्याणकारिणी सभा कतार च्याप्टरको आठौँ अधिवेशन भएसँगै नयाँ नेतृत्व चयन भएको छ ।

खुला र बन्द गरी दुई सत्रमा भएको अधिवेशनमा भगवती चौधरीको सभापतित्वमा नौ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत चयन भएको हो । कार्यसमितिको वरिष्ठ उपसभापतिमा रमानन्द चौधरी, प्रथम उपसभापतिमा घनश्याम चौधरी, द्वितीय उपसभापतिमा ओम नारायण चौधरी चयन भएका छन् ।



त्यस्तै, महामन्त्रीमा जितेन्द्र चौधरी, उपमहामन्त्रीमा विरेन्द्र प्रसाद चौधरी, सचिवमा रामनारायण चौधरी, कोषाध्यक्ष रन्जित कुमार चौधरी, सहकोषाध्यक्ष सवनम कुमार चौधरी चयन भएको निर्वाचन समितिका संयोजक श्यामलाल चौधरीले जानकारी दिए ।

शुक्रबार सनैयास्थिति वेलफेयर रेस्टुरेन्टको सभाहलमा संस्थाका अध्यक्ष हरि महतोको सभापतित्व तथा नेपाल आदिवासी जनजाति महासंघ कतारका अध्यक्ष राकेश श्रेष्ठको प्रमुख आतिथ्यता रहेको कार्यक्रममा विभिन्न संघसंस्था, प्रतिनिधि, पत्रकार, कलाकारलगायत थारु समुदायको बाक्लो उपस्तिथि थियो ।

जातीय पहिचानको संरक्षण प्रवद्र्धन, शैक्षिक, आर्थिक, सामाजिक उत्थान हाम्रो समर्पण भन्ने मूल नाराका साथ सन २००८ मा स्थापना भएको संस्था हो । ब्यानर अनावरण, दीप प्रज्वलन र राष्ट्रिय गानसँगै उद्घाटन गरिएको कार्यक्रमलाई संस्थाका सचिव ओम नारायण चौधरीले स्वागत मन्तव्य राखेका थिए । स्वागत मन्तव्य राख्दै उनले थारु सम्वत २६४९ को शुभकामना व्यक्त गरेका थिए । स्थानीय कालाकारले थारु संस्कृति झल्किने थारु भाषाको प्रस्तुतिले स्वागत गरेका थिए ।

कार्यक्रममा थारु परिकार तिलको लड्डु, खिरलगायतको भोजनसमेत व्यवस्था थियो । प्रवासमा रहेर थारु कल्याणकारिणी सभाले आफ्नो संस्कृति जर्गेना गर्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रम सम्पन्न गर्दै सभापति महतोले अधिवेशन सफल पार्न तथा माघी पर्व मनाउन प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा साथ सहयोग गर्नेलाई धन्यवाद व्यक्त गरे । संस्थाका महामन्त्री रमानन्द चौधरीले कार्यक्रम सहजीकरण गरेका थिए ।

# रासस‌का कार्यकारी अध्यक्ष झासहित तीन पत्रकार सम्मानित

**काठमाडौँ ।**
मधेशी पत्रकार समाज नेपालले राष्ट्रिय समाचार समिति (रासस) का कार्यकारी अध्यक्ष धर्मेन्द्र झासहित तीन जना पत्रकारलाई सम्मान गरेको छ ।



शहीद पत्रकार उमा सिंहको १७औँ स्मृति दिवसका अवसरमा आइतबार काठमाडौँमा आयोजित उमा सिंह पत्रकारिता सम्मान कार्यक्रम–२०८२ मा पत्रकारिताको क्षेत्रमा उल्लेखनीय योगदान पु¥याएको भन्दै तीन जना पत्रकारलाई विभिन्न विधामा सम्मान गरिएको हो । कार्यक्रममा राससका कार्यकारी अध्यक्ष झा, नेपाल टेलिभिजनकी पत्रकार स्वेता सिन्हा तथा नेपालगञ्जका पत्रकार निलम शर्मालाई सम्मान गरिएको मधेशी पत्रकार समाज नेपालले जनाएको छ ।

समाजका अध्यक्ष मोहनकुमार सिंहले झालाई विशेष सम्मान, सिन्हालाई साहसिक पत्रकारिता सम्मान तथा शर्मालाई भाषा तथा संस्कृति सम्मान प्रदान गरिएको हो । उनका अनुसार सम्मानित पत्रकारहरूले आ–आफ्नो कार्यक्षेत्रमार्फत समाजमा सकारात्मक परिवर्तन ल्याउन महत्त्वपूर्ण योगदान पु¥याएकाले सम्मान गरिएको बताए ।

अध्यक्ष सिंहले शहीद पत्रकार स्व सिंहको न्यायका लागि निरन्तर आवाज उठाउनाका साथै मधेशका समसामयिक राजनीतिक, सामाजिक तथा सांस्कृतिक विषयमा कलम चलाउँदै आएकाले योगदानको उच्च मूल्याङ्कन गर्दै उनहरूलाई सम्मान गरिएको बताए ।

**सिंहको हत्याको थप गहिरो र निष्पक्ष अनुसन्धान आवश्यक**

कार्यक्रममा राससका कार्यकारी झाले स्वर्गीय उमा सिंहको हत्याको विषयमा थप गहिरो र निष्पक्ष अनुसन्धान आवश्यक रहेको बताए । उनले हालसम्म गरिएको अनुसन्धान र प्रस्तुत गरिएका कारणप्रति आफू सन्तुष्ट नरहेको स्पष्ट उल्लेख गरे । अध्यक्ष झाले सिंहको हत्या प्रेस स्वतन्त्रता र पत्रकार सुरक्षासँग प्रत्यक्ष जोडिएको गम्भीर विषय भएको उल्लेख गरे । उनले भने, 'म स्वर्गीय पत्रकार सिंहको हत्याबारे गरिएको अनुसन्धानप्रति सन्तुष्ट छैन । जुन कारण देखाएर हत्या गरिएको भनिएको छ, त्यसले अझै चित्त बुझाएको छैन । सिंहको हत्या पारिवारिक विवादका कारण मात्र भएको भन्ने निष्कर्ष एकपक्षीय छ । सिंहले पत्रकारितामार्फत उठाएका विषयवस्तु, लेख तथा सामग्रीहरू पनि हत्याको सम्भावित कारण हुनसक्ने देखिन्छन् ।'

अध्यक्ष झाले यदि पारिवारिक कारणले मात्रै हत्या भएको हो भने त्यो अनुसन्धानबाट अझै स्पष्ट हुनुपथ्र्यो भन्ने आफ्नो धारणा रहेको बताए । उनले भने, 'उमा सिंहकै हत्यासँग सम्बन्धित एक जना व्यक्ति फरार भई धनगढी पुगेको र त्यहाँबाट पक्राउ गरी ल्याइएको विषय पनि छ । ती सबै पक्षलाई समेटेर पुनः अध्ययन गरिनु आवश्यक छ । सिंहको हत्या हुनु केही महिना अघिदेखि उनले लेखेका समाचार सामग्री र उठाएका मुद्दाहरूको समेत गहिरो विश्लेषण हुनुपर्छ । यी विषयहरू प्रेस स्वतन्त्रताको दृष्टिकोणले अत्यन्त महत्वपूर्ण छन् ।'

स्व वीरेन्द्र साहलगायत अन्य पत्रकारका हत्याका कारणबारे पनि थप अनुसन्धान, अध्ययन र खोजी गर्न आग्रह गर्दै सत्यतथ्य उजागर गर्नु पत्रकारिताको धर्म भएकाले यस विषयमा निरन्तर प्रश्न उठाइरहनुपर्ने आवश्यकता औँल्याए ।

**सिंहले बालेको मसाल निभ्न दिनु हुँदैनः प्रदेश प्रमुख**

मधेश प्रदेश प्रमुख प्राडा सुरेन्द्रलाभ कर्णले मधेश प्रदेशमा निर्भिक, निडर र प्रतिबद्ध पत्रकारिताको क्षेत्रमा स्वर्गीय उमा सिंहले बालेको मसाल कहिल्यै निभ्न दिन नहुने बताएका छन् । मधेशी पत्रकार समाज नेपालद्वारा आइतबार काठमाडौँमा आयोजित शहीद पत्रकार सिंहको १७औँ स्मृति दिवस तथा उमा सिंह पत्रकारिता सम्मान कार्यक्रम–२०८२ मा उनले स्व सिंहले मधेशमा शुरु गर्नुभएको सत्य, न्याय र समानताका लागि सङ्घर्षरत पत्रकारिताको परम्परा अझ सशक्त रूपमा अगाडि बढाउनुपर्नेमा जोड दिए ।

प्रदेश प्रमुख कर्णले स्व सिंह मधेशको सामाजिक, राजनीतिक तथा महिला अधिकारका सवालमा निर्भिक रूपमा कलम चलाउने साहसी पत्रकार भएको स्मरण गरे । 'उमा सिंह केवल एक पत्रकार मात्र होइन, उन मधेशको आवाज हुनुहुन्थ्यो । मधेशमा महिला पत्रकारिताको जग बसाल्न स्व सिंहले खेलेको भूमिका ऐतिहासिक छन् र ती कदम आज पनि प्रेरणाको स्रोत बनेको छ,' उनले भने, 'सिंहले उठाएका मुद्दा र देखाएको साहसले मधेशमा महिला पत्रकारहरूलाई अघि बढ्न मार्ग प्रशस्त ग¥यो, उनले पत्रकारिताको क्षेत्रमा बालेको मसाल अझै निभेको छैन र यो मसाल निभ्न दिनुहुँदैन ।'

कार्यक्रममा मधेशी पत्रकार समाज नेपालका पदाधिकारी, विभिन्न सञ्चारमाध्यममा आबद्ध पत्रकार, नागरिक समाजका प्रतिनिधि तथा स्व उमा सिंहका शुभेच्छुकहरूको उल्लेखनीय उपस्थिति रहेको थियो । स्व सिंहको २०६५ साल पुस २७ गते आफ्नो कर्तव्य निर्वाहकै क्रममा हत्या गरिएको थियो ।

# जसपा नेपाल र लोसपा नेपालबीच...

नेपालबीच पार्टी एकताका लागि १२ बुँदे सहमति भएको छ । सहमतिअनुसार दुवै पार्टीको तर्फबाट ४३ सदस्यीय केन्द्रीय समन्वय समिति गठन गरिएको छ । दुवै दलबीच भएको सहमतिलाई मधेश केन्द्रित राजनीतिमा महत्वपूर्ण मोडका रूपमा हेरिएको छ ।

केन्द्रीय समन्वय समितिमा परेकाहरु

१. महन्थ ठाकुर
२. उपेन्द्र यादव
३. अर्जुन थापा
४. अशेश्वर यादव
५. उमाकान्त झा
६. चन्देश्वर पासवान
७. जितेन्द्रप्रसाद सोनार
८. उमेश यादव
९. तारा विश्वकर्मा
१०. दिपक कार्की
११. निर्जला राउत
१२. प्रकाश अधिकारी
१३. परमेश्वर साह
१४. बलविर नेपाली
१५. वृषेशचन्द्र लाल
१६. डा.विजयकुमार सिंह
१७. विनोदकुमार सिंह
१८. मृगेन्द्रकुमारसिह यादव
१९. मनिषकुमार मिश्र
२०. मुकेशकुमार झा
२१. मो. खालिद सिद्धिकी
२२.. रेणुकुमारी यादव
२३. रमेशप्रसाद कुर्मी
२४. रामकुमार शर्मा
२५. राजकुमार राई
२६. रकम चेम्जोङ
२७. लालबाबु राउत
२८. लाक्पा शेर्पा
२९. लक्ष्मणलाल कर्ण
३०. शरतसिंह भण्डारी
३१. सवेन्द्रनाथ शुक्ल
३२. डा. सुरेन्द्रकुमार झा
३३. डा. शिवजी यादव
३४. डा. सुरेन्द्रकुमार यादव
३५. सुरेश मण्डल
३६. सुनी लामा
३७. हृदयेश त्रिपाठी
३८. हरिनारायण यादव
३९. लालकिशोर साह
४०. चन्देश्वरप्रसाद सिंह
४१. प्रमिला यादव
४२. जैनुल राइन
४३. लिलादेवी सिटौला



# पर्सा क्षेत्र १ मा चुनावी सरगर्मी चुलिँदै, टिकटको दौडमा पुराना अनुहारसँगै नयाँ दावेदार

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रतिनिधि सभा सदस्य निर्वाचन नजिकिँदै जाँदा पर्सा जिल्लामा राजनीतिक गतिविधि तीव्र बन्दै गएको छ । आगामी फागुन २१ गते हुने भनिएको निर्वाचनलाई लक्षित गर्दै प्रमुख राजनीतिक दलहरूले उम्मेदवारको नाम केन्द्रमा सिफारिस गरिसकेका छन् । पर्सा निर्वाचन क्षेत्र नम्बर १ मा कुन दलबाट कसले टिकट पाउने र अन्ततः कसले जित हासिल गर्ने भन्ने विषयले चर्चा पाउन थालेको छ । जेन–जी आन्दोलनको प्रभाव देखिन सक्ने आँकलन भइरहँदा अधिकांश दलबाट पुरानै अनुहार अघि सारिएपनि केही नयाँ नामहरू पनि राजनीतिक बजारमा देखिन थालेका छन् ।



जनता समाजवादी पार्टी ९जसपा०बाट पूर्व मन्त्री तथा निर्वतमान सांसद प्रदीप यादवको एकल नाम सिफारिस भएको छ । यद्यपि जसपा नेपालतर्फ पूर्व मुख्यमन्त्री लालबाबु राउत गद्दीसहित तीन जनाको नाम सिफारिस गरिएको छ । अशोक राई नेतृत्वको जसपाबाट अलगिएर पुनः उपेन्द्र यादव नेतृत्वको जसपा नेपालसँग एकता गरेका प्रदीप यादव कुन दलको टिकटबाट चुनाव लड्ने भन्ने विषय अझै स्पष्ट हुन सकेको छैन ।

नेपाली कांग्रेसभित्र पनि गुटगत सिफारिस देखिएको छ । संस्थापन पक्षले अनिल रुंगटाको एकल नाम पठाएको छ भने शेखर कोइराला पक्षले अजय द्विवेदीसहित तीन जनाको नाम सिफारिस गरेको छ । अघिल्लो निर्वाचनमा स्वतन्त्र उम्मेदवार बनेर जसपा नेपालका प्रदीप यादवसँग पराजित भएका द्विवेदीमाथिको पार्टी कारबाही हालै फिर्ता भएपछि कांग्रेसभित्र टिकट प्रतिस्पर्धा झनै चर्किएको छ ।

नेकपा एमालेले अरबिन्द सिंहसहित सात जनाको नाम सिफारिस गरेको छ । सूचीमा केन्द्रीय सदस्य प्रभु हजरा, सुन्दर कुर्मी, नवराज शर्मा, बसरुदिन अंसारी तथा महिला उम्मेदवारतर्फ ममता गुप्ता र इन्दु घिमिरे रहेका छन् । यसले एमालेभित्र पनि उम्मेदवार टुंगो लाग्न बाँकी रहेको संकेत गरेको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी ९रास्वपा०बाट जिल्ला सभापति हरि पन्त उम्मेदवार बन्ने चर्चा छ । होटल व्यवसायीसमेत रहेका पन्तले चुनावी तयारी अघि बढाइसकेका छन् । यद्यपि रास्वपाबाटै प्रदेश सभा सदस्य रहबर अन्सारी पनि टिकटका लागि सक्रिय रहेको चर्चा छ ।

हालै नेकपा परित्याग गरेका अन्सारी एमालेबाट समेत टिकटको पहलमा रहेको बताइन्छ । उनले प्रदेश सभा सदस्यबाट राजीनामा दिने संकेत गरे पनि कुन दलबाट प्रतिनिधि सभा चुनाव लड्ने भन्ने अझै खुल्न सकेको छैन ।

नेकपाबाट रामदरस कुशवाहासहित सुरेन्द्र गुप्ता, प्रभु यादव र सब्बा अंसारीको नाम सिफारिस गरिएको छ । प्रचण्ड र माधव नेपाल नेतृत्वको नेकपाभित्र पनि टिकट कसले पाउने भन्ने विषय अन्योलमै छ । जनमत पार्टीबाट जिल्ला अध्यक्ष ओमप्रकाश सर्राफ सिफारिसमा परेका छन् । औपचारिक घोषणा नभएपनि उनले चुनावी गतिविधि सुरु गरिसकेका छन् । त्यस्तै, कुलमान घिसिङ नेतृत्वको उज्यालो नेपाल पार्टीबाट वीरगंज–२० का वडाध्यक्ष रामकिशोर सिंह ९पराग० उम्मेदवारीको तयारीमा छन् । उनी जेन–जि आन्दोलनपछि एमाले परित्याग गरेका नेता हुन् ।

अन्य दल तथा स्वतन्त्र उम्मेदवारसमेत मैदानमा उत्रिन सक्ने सम्भावनाले यसपटक पर्सा–१ मा उम्मेदवारको संख्या बढ्ने अनुमान गरिएको छ । निर्वाचन तालिकाअनुसार माघ ६ गते मनोनयन दर्ता हुने भएपनि हालसम्म कुनै दलले औपचारिक उम्मेदवार घोषणा गरेको छैन । यद्यपि सबै दल आन्तरिक तयारीमा तीव्र रूपमा जुटिरहेका छन् ।

# स्थापना दिवसमा रक्तदान कार्यक्रम

**मधेशदृष्टि**
**वीरगंज ।**
राष्ट्रिय निजी तथा आवासीय विद्यालय संगठनको २८ औँ राष्ट्रिय स्थापना दिवसको अवसरमा वीरगंजको घण्टाघर स्थित रक्तदान कार्यक्रम सम्पन्न भएको छ । संगठनको वीरगंज समितिले आयोजना गरेको रक्तदान कार्यक्रममा ७ जना महिला सहित ७० जनाले रगत दान गरेका थिए ।

एन–प्याब्सन वीरगंजका अध्यक्ष जियालाल गुप्ताको अध्यक्षतामा आयोजित कार्यक्रममा एन–प्याब्सनका केन्द्रीय संस्थापक सदस्य तथा केन्द्रीय वरिष्ठ उपाध्यक्ष रामबिनय चौरसियाले एन–प्याब्सनले शिक्षा क्षेत्रसँगै समाजसेवामा पनि निरन्तर सक्रिय भूमिका निर्वाह गर्दै आएको उल्लेख गर्दै रक्तदानजस्ता कार्यक्रमले मानव जीवन जोगाउन महत्वपूर्ण योगदान पुर्याउने बताए ।

कार्यक्रममा अध्यक्ष जियालाल गुप्ताले रक्तदानजस्तो पवित्र कार्यमा सहभागी सम्पूर्ण रक्तदाताहरू, सहयोगी संस्था तथा स्वयंसेवकहरूप्रति धन्यवाद ज्ञापन गरे । समाजसेवा र मानवीय उत्तरदायित्वलाई आत्मसात गर्दै आयोजना गरिएको कार्यक्रममा ७ महिला सहित कुल ७० जनाले रक्तदान गरेको रक्त सञ्चार केन्द्र वीरगंजले जनाएको छ । कार्यक्रमको समन्वय सचिव शेख अजहर तथा कोषाध्यक्ष प्रमोद साहले गरेका थिए ।

कार्यक्रममा सनी दुबे, राकेश यादव, दीपक तुल्स्यान, शौकत अली, हरिन्द्र कुशवाहा, राजेन्द्र आचार्य, श्रीनारायण साह, सोनालाल पटेललगायत विभिन्न विद्यालयका निर्देशक, शिक्षाविद् तथा एन–प्याब्सनका पदाधिकारीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# सुधारिएको चुलो उत्पादन गर्ने उद्योगलाई सहुलियत कर्जाको माग

**वीरगंज ।**
सरकारले वातावरणमैत्री सुधारिएको चुलो प्रवद्र्धन कार्यक्रमअन्तर्गत चुलो उत्पादन गर्ने उद्योगलाई सहुलियत बैंक कर्जाको प्रबन्ध गर्नुपर्ने उद्योगीले माग गरेका छन् । वीरगंजमा एक दशकदेखि सुधारिएको चुलो उद्योग सञ्चालनमा हुँदै आइरहेका छन् । त्रिभुवन विश्वविद्यालय, वन विज्ञान अध्ययन संस्थाका प्राडा राजेश राईले पनि सरकारले सुधारिएको चुलो प्रवद्र्धनात्मक कार्यक्रमलाई प्रभावकारी रूपमा अघि बढ्नुपर्ने बताए ।

सुधारिएको चुलोको प्रयोगले एकातर्फ मानव स्वास्थ्यमा नकारात्मक असर गर्दैन उनले बताए ।

दाउराको खपत घटाउनुको साथै वनजङ्गल फँडानी घटाएर कार्बन उत्सर्जनमा पनि टेवा दिँदै आइरहेको छ । त्यसैले सुधारिएको चुलो प्रवद्र्धन गरेको खण्डमा थप उपलब्धिमूलक हुने देखिन्छ । प्रा डा राईले सुधारिएको चुलोको प्रयोगले घरभित्र हुने प्रदूषणमा पनि धेरै हदसम्म न्यूनीकरण गर्न सकिने बताए । सुधारिएको चुलो व्यावसायिक रूपमा उत्पादन गर्दै आएको उद्योग हस्क पावर नेपाल कम्पनी लिमिटेडका प्रबन्ध निर्देशक मनोजकुमार गुप्ताले वातावरणमैत्री चुलो उत्पादन गर्ने उद्योगलाई बैंकको कर्जामा विशेष छुटको व्यवस्था भएको खण्डमा काम गर्न सहज हुने बताए ।

सरकारले सबै खालको उद्योगलाई एउटै नजरले हेर्नुहुँदैन । हामीले वातावरणमैत्री चुलो उत्पादन गर्दै आइरहे पनि राज्यले अन्य उद्योग सरह व्यवहार नगर्दा प्रोत्साहन हुन सकिरहेको छैन । सोतर्फ वर्तमान सरकारको ध्यान जान जरुरी भइसकेको छ उनले बताए ।

वीरगंज महानगरपालिका–२१ स्थित पटेलनगरमा अवस्थित उद्योगले सात वर्षदेखि सुधारिएको चुलो उत्पादन गर्दै आइरहेको छ । कम्पनीले सुरुवाती चरणदेखि हालसम्म करिब तीन लाखभन्दा बढी सुधारिएको चुलो उत्पादन गरिसकेको कम्पनीका प्रबन्ध निर्देशक गुप्ताले बताए । सात वर्षअघि हामीले छ सय सुधारिएको चुलो उत्पादन गरेर थालनी गरेका थियौँ उनले भने, अहिले उद्योगबाट वार्षिक ३२ हजारभन्दा बढी उत्पादन गर्न सक्षम भएका हौँ ।

कम्पनीले अहिले पङ्खा भएको र पङ्खा नभएको सुधारिएको चुलो उत्पादन गर्दै आइरहेको छ । अहिले पङ्खा भएको चुलोको मूल्य रू पाँच हजार ५०० मूल्य तोकिएको छ भने पङ्खा नभएको चुलोको मूल्य रू दुई हजार ५०० रहेको छ । प्रबन्ध निर्देशक गुप्ताले सुधारिएको चुलोको माग अहिले विशेष गरेर मधेस, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा उच्च रहेको जानकारी दिए । ‘यो चुलो प्रयोग गर्दा दाउराको खपत ७० प्रतिशतभन्दा कम हुने गर्छ उनले बताए । खाना पकाउँदा निस्कने धुँवा ६० देखि ८० प्रतिशतसम्म घटाउन सकिन्छ । स्वास्थ्यका दृष्टिले पनि यो प्रभावकारी हुने भएकाले प्रयोग बढिरहेको पनि बताए ।

उक्त कम्पनी अहिले एक बिघा क्षेत्रफलमा फैलिएको छ । यहाँ २८ जनाभन्दा बढीले रोजगारी पाएका छन् भने सात जना सुस्तश्रवण भएका व्यक्ति कार्यरत रहेका गुप्ताले जानकारी दिए । उद्योगको अहिले रू १५ करोडभन्दा बढी लगानी गरिएको छ । यहाँबाट सुधारिएको चुलोका साथै बायो पेलेट, बायोपेन्ट, मेटल फ्रेविक्रेसन, झ्याल, ढोकालगायत सामग्री उत्पादन गर्दै आइरहेको छ । रासस

# मधेशमा ‘तिलासक्रायत’को चहलपहल

**महोत्तरी ।**
‘तिलासक्रायत’ पर्वको चहलपहल बढ्दै छ । माघेसङ्क्रान्ति भनिने पर्वलाई मिथिलामा ‘तिलासक्रायत’ भन्ने गरिएको छ । यो पर्व यसपालि आगामी बिहीबार मनाइँदैछ । लगातारजस्तै बढेको बाक्लो हुस्सुले डम्म ढाकेर चिसो सिरेटो चल्ने क्रम पछिल्ला दुईतीन दिनयता अपराह्नपछि कम हुँदै गएपछि पर्वको तयारीमा लाग्न थोरै राहत मिलेको सर्वसाधारणले बताएका छन् । दुईतीन दिनदेखि दिउँसोतिर हुस्सु फाटेर केहीबेर घाम देखिन थालेपछि यतातिरका साँझपख लाग्ने साप्ताहिक हटिया ९निश्चित बार लाग्ने बजार०मा पर्वका सामानको खरिदबिक्रीले चहलपहल बढ्दै गएको छ ।



यो पर्वमा गरिब किसान केही नगद आर्जन हुने आसमा निकै व्यस्त हुन्छन् । यसबेला आफ्ना उत्पादित बस्तुले राम्रो मूल्य पाउने आसमा गरिब किसानको व्यस्तता बढ्ने गरेको हो । कठ्याङ्ग्रिँने ठिही खप्दै किसान उखु पेलेर मिठ्ठा ९सक्खर० बनाउन र बजार पुर्याएर बेच्न तल्लिन छन् । त्यसैगरी, पर्वविशेषका खाद्यवस्तु सखरखण्ड, तरुल र सुथुनी ९माटोमुनि फल्ने मधेसको एकप्रकारको फल० खन्न, बजार पुर्याएर बेच्न किसानलाई भ्याइनभ्याई छ । यसपालि लामो शीतलहरले काटेर खलोमा राखिएको तील भने कोसा सुक्न नपाएर पूर्वपश्चिम राजमार्गको सेरोफेरो र त्योभन्दा तलका किसानले झार्न पाएका छैनन् । किसानले झार्न भ्याएका तील बजारमा पुर्याउनासाथ राम्रो मूल्यमा बिकेको बर्दिबास–३ चुरेकाछ बस्ती पर्साहीधापका बुद्धबहादुर मोक्तान बताउँछन् ।

हाम्रो काछतिर त खासै हुस्सु लागेन, कहिलेकाहीँमात्रै हो, त्यसैले तील झार्न पायौँ उनले भने, बेलाले होला, राम्रै दाम पाइयो । तील अहिले रु ३०० देखि ३४० प्रतिकिलोसम्म बेचिएको उनको भनाइ छ । त्यसैगरी, अहिले सक्खर, सखरखण्ड, तरुल र सुथुनीले पनि राम्रो मूल्य पाउने गरेको किसान बताउँछन् । ‘अरु बेला रु ९० देखि १०० प्रतिकिलो बिक्ने सक्खर अहिले रु १२० मा बिकेको छ’, भङ्गाहा–४ प्रेमनगरका किसान सुफल महतो भन्छन्, ‘सक्खरले राम्रो दाम पाउँदा ठण्डी ९चिसो० मा काम गरेको दुःख बिर्साएको छ ।’ अहिले सखरखण्ड, तरुल र सुथुनी पनि प्रतिकिलो रु १०० माथि बिक्री भइरहेको किसान बताउँछन् ।

पर्व ठ्याक्कै सङ्घारमा आएका बेला अब दिउँसोतिर दिन सफा हुँदै गएपछि सर्वसाधारणले अब राहतको अनुभव गरेका छन् । दुईतीन दिन भयो दिउँसो अलिबारलाई भएपनि घाम देखिन थालेको छ बर्दिबास–८ हाथीलेटका इन्द्रदेव यादव भन्छन्, पवनी ९पर्व०को दिनसम्म मौसम निकै सुध्रने आस जगाउँदैछ ।

मिथिलामा ‘तिलासक्रायत’ खानेपिउने रमाइलोको पर्व मानिन्छ । यस पर्वमा तील, चिउरा, मुरी ९भुजा० र जुनेलोका ‘लाई’ ९यी सामान भुटेर सक्खरको खुँदोमा मिसाइ बनाइने एकप्रकारको लड्डु० खाने, ख्वाउने चलन छ । त्यसैगरी पर्वका दिन मासको दाल र चामलको खिचडीमा घिउ हालेर खाइने मैथिल चलन छ । मिथिलाको मुख्य चाडवाडमध्येको यो पर्वमा सबैले टोलछिमेकका दोस्तमहिम ९इष्टमित्र० र आफन्तलाई घरमा डाकी ख्वाउने गरिन्छ । यो पर्वपछि यसको ‘सनेस’ ९कोसेली० छोरीचेली, दिदीबहिनी, फुपू र मितमितिनीकहाँ अनिवार्य लगिने चलनले माघमध्यसम्म यो पर्वको चहलपहल रहन्छ ।

यो पर्वका बेला अहिले तीनचार कट्ठामात्र जग्गा भएका गरिब किसानले पनि मिठ्ठा ९सक्खर०, तरुल, सखरखण्ड, सुथुनी र तील बेचेर रु १०–२० हजार नगद जोहो गर्न भ्याएका छन् । घरछेउको चारपाँच कट्ठा पाखोबारीबाटै यसपालि सखरखण्ड र तरुलबाट अहिलेसम्म रु १५र१६ हजार लिइसकेको बर्दिबास–११ चुरेकाछको भित्रीखोला बस्तीकी सुकीमाया तामाङ बताउँछिन् । अहिले आधाजसो खन्न बाँकी रहेको उनीको भनाइ छ । पर्वमा सखरखण्ड, सुथुनी र तरुल खाइने चलनले यसबेला यी उत्पादनले राम्रो बजार पाउँदै आएका किसान बताउँछन् ।

तिलासक्रायत पर्वमा सक्खर मिसाएर बनाइएको तील, चिउरा, मुरी ९विशेष प्रकारको चामलको भुजा० र जुनेला ९अन्नविशेष०को लाई ९लड्डु०, उसिनेको तरुल एवं मासको दाल, अरवा चामल र घिउको खिचडी विशेष प्रकार मानिने मैथिल परम्परा छ । यसै परम्पराले अहिले यी परिकार बनाइने खाद्य सामग्रीको माग ह्वात्तै बढेको हो ।

यहाँका साप्ताहिक हटियामा अहिले पर्वविशेषका सामग्रीको बजार दिनदिनै जमेको छ । साप्ताहिक हटियामात्र नभएर अहिले बस्तीबस्तीमै तील, मिठ्ठा, चिउरा, मुरी र कतिपय ठाउँमा लाइकै बजार जम्दै देखिँदो छ । दिउँसोतिर नै भए पनि घाम देखिन थालेपछि साँझपख लाग्ने यहाँका हटिया अब भरिभराउ देखिँदैछन् । यसले सम्पूर्ण मिथिलाक्षेत्र चहलपहलमय बन्दो देखिँदो छ । रासस

# जनमत पार्टीको भेटघाट तीव्र



**मधेशदृष्टि**
**वीरगंज ।**
जनमत पार्टीका पर्सा जिल्ला अध्यक्ष तथा क्षेत्र नम्बर–१ का प्रस्तावित उम्मेदवार ओमप्रकाश सरार्फले मधेस र देशको भविष्यका लागि जनमत पार्टीनै एकमात्र विकल्प रहेको दाबी गरे ।

पर्सा निर्वाचन क्षेत्र नम्बर–१ अन्तर्गत वीरगंज महानगरपालिका वडा नम्बर–१६ को नगवा ९मध्य टोल० मा जनमत पार्टीले स्थानीयसँग भेटघाट तथा संवाद कार्यक्रमलाई सम्बोधन गर्दै सर्राफले जनमत पार्टीको मुख्य एजेन्डा ‘नयाँ गणतन्त्र’ रहेको उल्लेख गर्दै यो एजेन्डा नै युवा तथा जेन–जी आन्दोलनको मूल आधार भएको बताए । सबैले यसलाई आत्मसात गर्दै पार्टीलाई सशक्त बनाए मात्र देशमा दिगो शान्ति र समृद्धि सम्भव हुने बताए ।

कार्यक्रमका क्रममा नगवा बुथ समितिको इन्चार्जमा किरन चौरसिया चयन भएका छन् भने युवा दस्ता संयोजकको जिम्मेवारी निखिल चौरसियालाई दिइएको छ ।

यसैगरी चन्द्रावती यादवको अध्यक्षतामा बुथ स्तरीय महिला समिति पनि गठन गरिएको छ ।

कार्यक्रममा जनमत पार्टीका केन्द्रीय सदस्यहरू बिध्यालाल प्रसाद, सिमा गुप्ता, श्याम शंकर चौरसिया, राष्ट्रिय परिषद सदस्य ब्रीजकिसोर कलवार, शिव यादव, क्षेत्र नम्बर–१ का पर्यवेक्षक डा। मनोज कुमार, सिए देवराज, निराजन कुशवाहा, क्षेत्र नम्बर–१ का अध्यक्ष दिनानाथ प्रसाद साह, बिजय पास्वान, बबिता पुडासैनी लगायतको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रममा ५० जना भन्दा बढी स्थानीयले जनमत पार्टीमा प्रवेश गरेका छन् ।

पान नं. : ३०३४४४५५४
द.नं. : ०२४।२०६५।०६६

## आस्था बचत तथा ऋण सहकारी संस्था लिमिटेड

जनकपुरधाम, धनुषा, मधेश प्रदेश
डि.स.का.जनकपुर, धनुषा

### बोलपत्र आह्वान सम्वन्धि सूचना

यस कार्यालय अन्तर्गतको तपसिलमा उल्लेखित निर्माण कार्यको लागि बोलपत्र आह्वान गर्नु पर्ने भएकोले मिति २०८२/०९/२८ गते दिउँसो १२:०० वजे पछि यस कार्यालयबाटसम्वन्धित सवै जानकारीको तथा बोलपत्र दस्तावेजका लागि यो सूचना प्रकाशित गरिएको छ ।

| S.N. | Contract No. | Description of Work | Estimated Cost NRs. (w/o Vat and Contingencies) | Bid Security NRs. | Cost of Bidding Document | Publication Date | Last Date and Time for Bid Purchase and Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | ASCCS-01/082/083 | Construction of Head Office Building of Aastha Saving and Credit Co-operative Society Limited | 17,096,886.77 | 350,000.0 | 3000 | 12th Jan, 2026 | 11th Feb 12:00 PM |

## सम्पादकीय

# विशेष महाधिवेशनपछि कांग्रेसः चुनौती, चेतावनी र विकल्प

नेपाली कांग्रेसमा विशेष महाधिवेशन भएरै छाड्नु आफैँमा असामान्य राजनीतिक घटना हो । झन् त्यसमा महाधिवेशन प्रतिनिधि स्तरमै बहुमत देखिनु संस्थापन पक्षका लागि केवल औपचारिक पराजय होइन, राजनीतिक चेतावनी पनि हो । यो परिणामले कांग्रेसभित्र शक्ति सन्तुलन बदलिँदै गएको संकेत दिएको छ।

पहिलो चुनौती नैतिक र राजनीतिक वैधताको हो । संस्थापन नेतृत्व अब 'संख्याको शक्ति' होइन, 'संस्थागत अधिकार'का आधारमा मात्र टिकिरहेको देखिन्छ । कार्यकर्ता र प्रतिनिधिको बहुमतले फरक बाटो रोजेपछि नेतृत्वको निर्णय क्षमता, निर्देशन शक्ति र भरोसा कमजोर बन्ने खतरा छ । यसले केन्द्रीय समिति, भ्रातृ संगठन र प्रदेश संरचनामा निरन्तर असहयोगको अवस्था जन्माउन सक्छ।

दोस्रो चुनौती नीतिगत नियन्त्रण हो । विशेष महाधिवेशनको एजेन्डा केवल नेतृत्व परिवर्तनको चाहना होइन, पार्टीको वैचारिक दिशा, संगठनात्मक सुधार र पुस्तान्तरणसँग गाँसिएको छ । यदि संस्थापनले यस संकेतलाई बेवास्ता गर्दै 'यथास्थितिवाद'मै अडिग रहने हो भने पार्टीभित्र समानान्तर शक्ति केन्द्रहरू बलियो हुँदै जानेछन् । तेस्रो, मधेश, युवा र शहरी मतदाताको प्रश्न छ।

पछिल्ला निर्वाचन परिणामले कांग्रेसको परम्परागत आधार खुम्चिँदै गएको देखाइसकेको छ । विशेष महाधिवेशनको पक्षमा उभिएका प्रतिनिधिहरू यही असन्तुष्ट सामाजिक–राजनीतिक धारको प्रतिनिधि हुन्।

उनीहरूलाई पन्छाएर संस्थापन अघि बढ्नु भनेको आगामी निर्वाचनमा थप क्षति निम्त्याउनु हो । अब प्रश्न उठ्छ—के कांग्रेस विभाजनको डिलमा पुगेको हो ? तत्काल विभाजन अवश्य देखिँदैन । इतिहासले देखाउँछ, कांग्रेस अन्तिम क्षणमा आएर सम्झौतामै पुग्ने पार्टी हो। तर यसपटकको असन्तोष सतही होइन, संरचनागत छ।

यदि विशेष महाधिवेशनबाट उठेका आवाजलाई समेट्ने राजनीतिक उदारता देखाइएन भने औपचारिक विभाजन नभए पनि व्यवहारिक विभाजन—अर्थात् नेतृत्व एकातिर, कार्यकर्ता र मतदाता अर्कातिर—अपरिहार्य बन्दै जानेछ । अझ खतरनाक कुरा, कांग्रेस कमजोर हुँदा लाभ उठाउने शक्ति कांग्रेसभित्र होइन, बाहिर हुन्छ । यही कमजोरीले वैकल्पिक दल, क्षेत्रीय शक्ति र व्यक्तिवादी राजनीतिलाई मलजल गर्छ । यसैले विशेष महाधिवेशनलाई संस्थापनले हार होइन, अवसरका रूपमा लिनु जरुरी छ । नेतृत्व हस्तान्तरण, आन्तरिक लोकतन्त्र र नीतिगत पुनर्संरचनामार्फत मात्र कांग्रेसले विभाजनको होइन, पुनर्जागरणको बाटो समाउन सक्छ । अन्यथा, इतिहासले फेरि एकपटक कांग्रेसलाई चेतावनी दिइसकेको मान्नुपर्नेछ।

# प्रकृतिबाट समृद्धिको खोजी

इन्द्राकुमारी केसी

कैलालीको लम्की बजारबाट करिब सात किलोमिटर उत्तरतर्फ लाग्ने हो भने चुरे पहाडको फेदमा एउटा मनमोहक दृश्य देखिन्छ, आमपानी झरना । मोहन्याल गाउँपालिका–७ मा पर्ने बर्गदा सामुदायिक वनभित्रको यो झरना, केही वर्षअघि ओझेलमा जस्तै थियो तर कोरोना महामारीको समयमा मानिस एकान्त र प्रकृतिको साथ खोज्न थालेसँगै यो झरना चर्चामा आयो।

सुदूरपश्चिम प्रदेश सरकारको पर्यटन प्रवद्र्धन कार्यक्रमअन्तर्गत ४० लाख रुपैयाँको लागतमा यो क्षेत्र व्यवस्थित गरिएपछि पर्यटकको चहलपहल बढेको बर्गदा सामुदायिक वनका कार्यालय सचिव ध्वजबहादुर शाही बताउनुहुन्छ । वन संरक्षण केबल रुख जोगाउनु मात्र होइन, हराउँदै गएका प्राकृतिक सम्पदालाई पुनर्जीवित गर्नु पनि हो भन्ने उदाहरण भजनी–२ स्थित लोहटीवा ताल बनेको छ। अतिक्रमणमा परेको यो ताल २०६२ सालमा राधाकृष्ण सामुदायिक वन उपभोक्ता समूहको सक्रियतामा पुनःनिर्माण गरिएको हो । सो क्षेत्रमा थारू सङ्ग्रहालय पनि निर्माण भइरहेको छ । अहिले त्यहाँ डुङ्गा सयर, वनभोज र प्रकृतिसँग रमाउन दैनिकजसो पर्यटक पुग्ने गरेको थारू सङ्ग्रहालय तथा पार्क वनभोजस्थलका कोषाध्यक्ष अर्जुन सोब बताउनुहुन्छ।

पर्या–पर्यटनको दृष्टिकोणले कैलालीको घोडाघोडी ताल निकै महत्वपूर्ण मानिन्छ । नेपालकै पहिलो 'वर्ड सेन्चुरी' का रूपमा घोषित यो क्षेत्र जैविक विविधताको महत्वपूर्ण क्षेत्र हो । दुर्लभ चराचुरुङ्गी, माछा र पुतलीको बासस्थान रहेको यो क्षेत्रले अहिले स्थानीयको जीवनस्तर नै बद्लिदिएको छ । घोडाघोडी सामुदायिक वनका अध्यक्ष दीपकबहादुर शाह यहाँ देशविदेशका पर्यटक घुम्नका लागि आउने गरेको बताउनुहुन्छ । उता कञ्चनपुरमा रहेको शोभाताल पनि पछिल्लो समय आन्तरिक पर्यटकको गन्तव्य बन्दै गएको छ । विसं २०६१ देखि बेलौरी नगरपालिका–५ मा रहेको मुक्त कमैया समुदायले संरक्षण गर्दै आएको काललाई बेलौरी नगरपालिकाले थप व्यवस्थापन गरेपछि यहाँ पर्यटकको संख्या बढ्दै गएको छ । वनभोज खान, डुङ्गा सयर गर्न यहाँ पर्यटक आउने गरेको शोभाताल संरक्षण समितिका सचिव गणेश चौधरी बताउनुहुन्छ।

पछिल्लो समय कैलाली र कञ्चनपुर पर्या–पर्यटनको महत्वपूर्ण क्षेत्रका रूपमा विकसित हुँदै गएका यी केही उदाहरणहरु हुन् । कैलालीमा कर्णाली चिसापानी, राजकाँडा, केबलकार निर्माण, ऐतिहासिक टीकापुर पार्क, लम्कीको आँमपानी झरना, विश्व रामसार सूचीमा सूचीकृत घोडाघोडी ताल र वर्ड सेन्चुरी प्रमुख आकर्षण हुन् । भजनीको लोटिहवा ताल, वसन्ता जैविक मार्ग वरपरका वन क्षेत्र, गौरीगङ्गाको जोगनीया ताल र धार्मिक आस्थाको केन्द्र बेहडाबाबा पनि यहाँका सम्भावनायुक्त गन्तव्यहरू हुन्।

धनगढी उपमहानगरभित्र जोखर ताल, देवहरिया वनस्पति उद्यान तथा चुरेको काखमा रहेका गोदावरी, बूढीतोला र खानीडाँडाले पर्यटनलाई नयाँ उचाइ दिएका छन् । विशेषगरी चुरे गाउँपालिकाको ऐतिहासिक 'गर्भा दरबार' र त्यसतर्फ जाने पदमार्गले इतिहास र प्रकृतिलाई जोडेको छ । कञ्चनपुरमा शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, दोधारा–चाँदनी तथा कञ्चनपुरको वेदकोट, शोभा, झिलमिला, बन्धा ताल र लिङ्गा वन क्षेत्रमा अवस्थित छन्, जहाँ स्थानीय समुदायले वन संरक्षणसँगै आयआर्जन जोड्ने प्रयास गरिरहेका छन्।

**पर्या–पर्यटनले सिर्जना गरेको रोजगारी**

पर्या–पर्यटनको यो लहर स्थानीयको रोजगारीका साथै जीविकोपार्जनको आधार बन्दै गएको छ । पर्यटकीय क्षेत्रमा अहिले फोटोग्राफी, घोड सवार र होटेल व्यवसाय फस्टाउँदै गएको छ । अहिले आफ्नै गाउँमा युवा स्वरोजगार बन्दै गएका छन् । घोडाघोडीमा घोडा चढाएर पर्यटक घुमाउने वसन्तकुमार शाही भन्नुहुन्छ, 'दैनिक एक हजार २०० रुपैयाँ आम्दानी हुन्छ ।' घोडाघोडी घुम्न आउने पर्यटकको तस्बिर खिचेर करिब २० जना युवायुवती स्वरोजगार बनेका छन् । डोटीको केआइसिंह गाउँपालिकाका दीपक उपाध्याय भन्नुहुन्छ, 'फोटो खिचेरै दैनिक दुई हजारदेखि दुई हजार ५०० सम्म कमाइ हुन्छ, विदेश जानु परेको छैन।'

घोडाघोडी क्षेत्रमा करिब ३० वटा खाजा–नास्ता होटेल सञ्चालनमा छन् घुमघामपछि पर्यटकले खाजा–नास्ता खाने भएकाले स्थानीयले होटेल व्यवसायबाट आम्दानी गर्दै आएका छन् । लवाङ्गी पूजा, माघी, नयाँ वर्ष, चाडपर्व र बिदामा पर्यटक बढ्ने हुँदा आम्दानी पनि बढ्ने गरेको होटेल व्यवसायी अनिता क्षेत्री बताउनुहुन्छ । उहाँका अनुसार यस्तो समयमा दिनको करिब दुई हजार रुपैयाँसम्म आम्दानी हुन्छ। होटेल व्यवसाय मात्र होइन, घोडाघोडी नजिकैको माघी होमस्टेसम्म पनि पर्यटक पुग्ने गरेका छन् । घोडाघोडी घुम्न आउने पर्यटक माघी होमस्टे पुग्ने हुँदा होमस्टेमार्फत आम्दानी भइरहेको माघी होमस्टेका अध्यक्ष सीताराम चौधरी बताउनुहुन्छ। उता कञ्चनपुरको शोभाताल व्यवस्थापन गर्दा स्थानीय समुदायले रोजगारी पाएको बेलौरी–५ का वडा सदस्य कृपा चौधरी भन्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'मुक्त कमैया शिविरका १० भन्दाबढी फोटोग्राफर छन्, कतिपयले पसल राखेर व्यवसाय पनि गरिरहेका छन्।'

**संरक्षणमा चुनौती**

कैलाली कञ्चनपुरमा पर्या–पर्यटनको विकास भइरहेको छ तर, जहाँ आम्दानी बढ्छ, त्यहाँ कहिलेकाहीँ क्षेत्राधिकारको विवादले पनि ठाउँ पाउँछ । घोडाघोडीमा अहिले त्यस्तै भएको छ । वर्षौंदेखि वन र सिमसार जोगाएका सामुदायिक वन उपभोक्ता समूह र स्थानीय नगरपालिकाबीच राजस्व कसले उठाउने भन्ने विषयमा द्वन्द्व चर्कियो । घोडाघोडी नगरपालिकाले गत भदौमा ताल क्षेत्रमा शुल्क सङ्कलनका लागि बोलपत्र आह्वान ग¥यो, जुन ठेक्का खम्मड निर्माण सेवाले पायो तर विगतदेखि नै तालको संरक्षण गर्दै आएका सामुदायिक वन र स्थानीय सरोकारवालासँग समन्वय नगरी ठेक्का लगाइएको भन्दै विवाद चर्कियो । सामुदायिक वनका अध्यक्ष दीपक शाह भने सामुदायिक वनसँग कुनै समन्वय नगरी नगरपालिकाले ठेक्का दिएको आरोप लगाउनुहुन्छ।

ठेक्का दिएको तीन महिना बितिसक्दा पनि सामुदायिक वनले नछाडेपछि थप विवाद बढेको हो । हाल भने नगरपालिकाले सुरक्षा निकायको सहयोगमा बल प्रयोग गरी ठेक्का कार्यान्वयनमा ल्याएको छ । यता नगर प्रमुख खड्क रावत ठेक्का कार्यान्वयनका लागि सामुदायिक वनले सहयोग गर्ने र सामुदायिक वनको व्यवस्थापनका लागि नगरपालिकाले सहयोग गर्ने कुरामा छलफल भई काम अघि बढेको बताउनुहुन्छ।

कञ्चनपुरको बेलौरीमा रहेको शोभा तालले भने साझेदारीको अभ्यास गरिरहेको छ । बेलौरी नगरपालिकाका उपप्रमुख जोगराम चौधरीले नगरपालिकालाई ४० प्रतिशत र संरक्षण समितिले ६० प्रतिशत लाभको बाँडफाट गर्ने गरी कार्यपालिकाको बैठकबाट निर्णय गरिएको बताउनुभयो । उहाँले भन्नुभयो, 'तालको ठेक्कामार्फतको आम्दानी संरक्षण समितिले लिन्छ, त्योबाहेकको आम्दानीको बाँडफाँट गर्ने निर्णय गरेका छौँ।' यता शोभाताल संरक्षण समितिका सचिव गणेश चौधरी भने मुक्त कमैयाले संरक्षण गरेकाले स्थानीयले नगरपालिकालाई आम्दानीको २० प्रतिशत दिनेगरी समितिमा छलफल भएको बताउनुहुन्छ । 'पहिले नगरपालिकालाई वार्षिक दुई लाख ५० हजार रुपैयाँ राजस्व बुझाउने गरिन्थ्यो,' उहाँ भन्नुहुन्छ, 'संरचना निर्माण लगायतको व्यवस्थापन नगरपालिकाले नै गरिरहेको छ।'

नगरपालिकाले कर्मचारीको व्यवस्थापन गरिदिए नगरपालिकाले गरेको निर्णयमा नै सहमत हुने चौधरी बताउनुहुन्छ । पर्या–पर्यटनको विकास गरिरहँदा समस्या र चुनौती पनि देखिन्छ । पर्यटन प्रवद्र्धनको उद्देश्यले कैलालीको आमपानीमा संरचना निर्माण गरिए पनि फोहरमैला, तोडफोड र सुरक्षाको भने समस्या देखिएको छ । झरनाको डिल तोडफोड गरिएका छन् । बियरका बोतल फोडेर जताततै फालेको देखिन्छ।

**सरकारको सक्रियता**

कैलाली र कञ्चनपुरलगायत सुदूरपश्चिमको पर्या–पर्यटनको विकासका लागि उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय पनि सक्रिय छ । कैलालीको चौमालामा नक्षेत्र बाटिका निर्माण, मन्दिर निर्माण, थारू मरुवा निर्माण, पुल निर्माण, आमपानी झरना व्यवस्थापनलगायत विभिन्न योजना सम्पन्न गरिएका छन् । पर्यटक भित्र्याउन र पुरातात्विक संरचना संरक्षण गर्ने उद्देश्यले पर्या–पर्यटनको विकास गरिरहेको प्रदेश पर्यटन कार्यक्रम कार्यान्वयन एकाइ प्रमुख डबलबहादुर बोहरा बताउनुहुन्छ । अगामी योजनामा पनि कैलालीको चिसापानी पुल नजिकै पार्क निर्माण, बाँकावीर पार्क निर्माण, अत्तरियामा रहेको लामीतालमा पदमार्ग निर्माण धार्मिक पर्यटकका लागि पनि कञ्चनपुरको भम्केनी धाममा नेपाल आमाको मूर्ति निर्माणलगायत विभिन्न योजना रहेको बोहरा बताउनुहुन्छ।

प्रदेश सरकारसँगै स्थानीय सरकार पनि सक्रिय भइरहेका छन् । कञ्चनपुरको शोभाताल व्यवस्थापन गरेको बेलौरी नगरपालिकाले बन्दा ताल, पुरैनी काललगायतको व्यवस्थापनका कार्य पनि अघि बढाएको बेलौरी नगरपालिकाका उपप्रमुख जोगराम चौधरीले बताउनुभयो । सुदूरपश्चिम प्रदेशभित्र रहेका प्राकृतिक, सांस्कृतिक तथा जैविक सम्पदाहरू सही व्यवस्थापन र दूरदर्शी योजनासहित अघि बढाइएमा आर्थिक समृद्धिको बलियो आधार बन्नसक्ने तथ्य विभिन्न उदाहरणले स्पष्ट पारेका छन् । कैलाली र कञ्चनपुर जिल्लामा पर्या–पर्यटन विकासका लागि विभिन्न प्रयास थालिएका छन् । यी जिल्लामा वन, सिमसार, ताल–तलैया, चुरे क्षेत्र र जैविक विविधताले भरिपूर्ण भू–भाग रहेकाले यहाँ पर्या–पर्यटनको ठूलो सम्भावना रहेको वन तथा भू–संरक्षण विभागका पूर्व महानिर्देशक देवेशमणि त्रिपाठी बताउनुहुन्छ।

उहाँका अनुसार कैलाली–कञ्चनपुरमा पर्या–पर्यटन अझै प्रारम्भिक चरणमै रहेको छ । धेरैले होटेल र भौतिक पूर्वाधार बनेपछि मात्र पर्यटन विकास हुन्छ भन्ने बुझाइ राख्ने गरे पनि त्यो सोच पूर्ण रूपमा सही नभएको उहाँको भनाइ छ । "पर्या–पर्यटनको मूल आत्मा भनेको स्थानीय प्रकृति, संस्कृति र जैविक विविधताको संरक्षणसँगै त्यसबाट दिगो लाभ लिनु हो, जसका लागि योजनाबद्ध ढङ्गले अघि बढ्नु आवश्यक हुन्छ", उहाँ भन्नुहुन्छ।

पछिल्लो समय सामुदायिक वनमा पनि पर्या–पर्यटनसम्बन्धी गतिविधि विस्तार हुँदै गए पनि त्यस्ता प्रयासमा दीर्घकालीन योजना र स्पष्ट मार्गदर्शनको अभाव देखिने गरेको त्रिपाठीको भनाइ छ । विशेषगरी ताल–तलैया र सिमसार क्षेत्रमा गरिएको पर्या–पर्यटन प्रारम्भिक चरणमै सीमित भएर रोकिने हो कि भन्ने चिन्ता पनि उहाँले व्यक्त गर्नुभएको छ । पर्या–पर्यटनको मूल आधारलाई व्यावसायिक बनाउने क्रममा कुन कुरालाई प्राथमिकता दिने, कसरी संरक्षण र आम्दानीबिच सन्तुलन कायम गर्ने भन्ने विषयमा गम्भीर रूपमा सोच्नुपर्ने आवश्यकता उहाँ औँल्याउनुहुन्छ । जैविक विविधता र पर्यटनबीचको सम्बन्धलाई हेर्दा संरक्षण र समृद्धिलाई जोड्ने सबैभन्दा उपयुक्त विकल्प पर्या–पर्यटन नै भएको उहाँको धारणा छ।

पर्यटकीय पूर्वाधार र संरचना निर्माण गर्दा वातावरणीय संवेदनशीलतालाई ध्यान दिँदै प्रकृतिमा क्षति पुग्नेगरी बनाइने संरचनाले दीर्घकालमा पर्यटनको सम्भावनालाई नै कमजोर बनाउने जोखिम हुन्छ।

पर्या–पर्यटन विकासमा संरक्षणलाई पहिलो प्राथमिकता दिनुपर्ने र यसको मुख्य जिम्मेवारी स्थानीय समुदायमै रहनुपर्ने उहाँ बताउनुहुन्छ । स्थानीय समुदायको सक्रिय सहभागिता, स्वामित्व र लाभ सुनिश्चित भएमा मात्र पर्या–पर्यटन दिगो बन्नसक्ने बताउँदै उहाँ भन्नुहुन्छ, "यसका लागि स्थानीय तह, प्रदेश र सङ्घीय सरकारले नीतिनिर्माण, सहजीकरण र आवश्यक सहयोग गर्दै समन्वयमा काम गर्नुपर्छ ।" संरक्षण र विकासबीच सन्तुलन कायम गर्नसके सुदूरपश्चिममा पर्या–पर्यटनले जैविक विविधता जोगाउँदै आर्थिक समृद्धिको आधार तयार गर्नसक्ने उहाँको भनाइ छ।

डिभिजन वन कार्यालय पहलमानपुरका डिभिजनल वन अधिकृत जनक पाध्या पर्या–पर्यटनका गतिविधि सञ्चालन गर्दा जैविक विविधतामा कुनै पनि प्रकारको नकारात्मक असर नपर्ने गरी अघि बढ्नुपर्नेमा जोड दिनुहुन्छ । उहाँका अनुसार पर्या–पर्यटनको मूल उद्देश्य नै प्रकृतिको संरक्षण गर्दै त्यसबाट दिगो लाभ लिनुभएकाले यसका सबै गतिविधि संरक्षणमुखी र मापदण्डअनुसार हुन आवश्यक छ । उहाँ भन्नुहुन्छ, "पर्या–पर्यटन दिगो बनाउन सामाजिक, आर्थिक र वातावरणीय तीनै पक्षबीच सन्तुलन कायम गर्नुपर्छ।"

पाध्याका अनुसार पछिल्लो समय आर्थिक आम्दानी र रोजगारीसँग प्रत्यक्ष जोडिएकाले पर्या–पर्यटनप्रति आकर्षण बढ्दै गएको छ । यसले स्थानीय समुदायलाई स्वरोजगार र आयआर्जनको अवसर प्रदान गरिरहेको भए पनि दिगोपनलाई बेवास्ता गर्न नहुने उहाँको भनाइ छ।

स्थानीय समुदायको सहभागिता, नियमित अनुगमन, स्पष्ट मापदण्ड र संरक्षणमैत्री अभ्यास अवलम्बन गर्नसकेमा मात्र पर्या–पर्यटनले दीर्घकालीन रूपमा संरक्षण र समृद्धि दुवै हासिल हुन सक्दछ। रासस

# चुनावअघि नै 'सुशासन मार्गचित्र' ल्याउने सरकारको प्रयास

फणीन्द्र दाहाल

भदौ २३ र २४ गते जेन्जी पुस्ताले गरेको आन्दोलनमा उठेको भ्रष्टाचारविरोधी आवाजलाई सम्बोधन गर्न 'सुशासन मार्गचित्र' तय गर्न काम अघि बढाइएको अधिकारीहरूले बताएका छन्।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव संयोजक रहेको एउटा समितिलाई ६ वटा कार्यादेश दिइएको छ र दुई महिनाभित्र प्रतिवेदन पेस गर्न भनिएको छ।

समितिका सदस्यसचिवले चुनावअगावै प्रतिवेदन तयार गर्ने लक्ष्यसहित आफूहरूले काम गरिरहेको बीबीसीलाई प्रतिक्रिया दिएका छन्।

सुशासन प्रवद्र्धन र भ्रष्टाचार नियन्त्रण एवम् शासकीय सुधारसम्बन्धी विभिन्न आयोग र समितिले विगतमा प्रस्तुत गरेका प्रतिवेदनबाहेक भदौको जेन्जी आन्दोलनयता भएका सम्झौता र विभिन्न मन्त्रालयहरूले पेस गरेका सुधार योजनाको विश्लेषण गरी निष्कर्षमा पुग्ने जिम्मा उक्त समितिलाई दिइएको छ।

**कस्तो हुने छ मार्गचित्र ?**

भदौको आन्दोलनपछि उत्पन्न राजनीतिक सङ्कटमाझ अहिले नेपालमा गैरदलीय प्रकृतिको चुनावी सरकारले सत्ता चलाइरहेको छ।

सरकारले फागुन २१ गते प्रतिनिधिसभा निर्वाचन गर्ने घोषणा गरेको छ र त्यसैअनुसार निर्वाचन आयोगले चुनावी कार्यक्रम अगाडि बढाइरहेको छ।

गएको मङ्सिर २४ गते सरकार र जेन्जी आन्दोलनका प्रतिनिधिहरूबीच भएको १० बुँदे सम्झौतामा सुशासनलाई जोड दिँदै राजनीतिक तथा नीतिगत भ्रष्टाचार अन्त्य गर्ने र 'दलीयकरण तथा भागबन्डा' का आधारमा सार्वजनिक संस्थानहरूमा हुने गरेका नियुक्ति अन्त्य गर्ने प्रतिबद्धता जनाइएको छ।

सम्झौतामा रहेका प्रावधानलाई ध्यान दिँदै पुस ७ गते मुख्यसचिवको संयोजकत्वमा बसेको सचिवहरूको बैठकले शासकीय सुधारको 'ब्लूप्रिन्ट' तयार गर्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका शासकीय क्षेत्र हेर्ने सचिव गोविन्दबहादुर कार्कीको संयोजकत्वमा समिति गठन गरेको हो।

त्यसमा अर्थ मन्त्रालय, गृह मन्त्रालय, सङ्घीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय र सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिवहरू सदस्य छन्।

त्यसबाहेक निजी क्षेत्र, जेन्जी, सुशासनको क्षेत्रमा काम गरिरहेका संस्थाका प्रतिनिधिहरूलाई पनि उक्त समितिमा राखिएको छ।

समितिलाई तीनै तहका सरकारी निकाय र सार्वजनिक संस्थानमा भ्रष्टाचार हुन सक्ने क्रियाकलाप, क्षेत्र, कारण आदिको पहिचान गर्ने जिम्मा दिइएको छ।

त्यसबाहेक तीनै तहका सार्वजनिक निकायसँग सम्बन्धित कानुनी, नीतिगत, संस्थागत, जनशक्ति, प्रक्रियागत व्यवस्था र त्यसको कार्यान्वयनको अवस्था एवम् समस्याहरू पहिचान गर्ने कार्यादेश तोकिएको छ।

सेवा प्रवाहमा सरलता एवम् एकद्वार सेवा केन्द्र, विद्युतीय सुशासनको अवलम्बन, सेवाको लागत र समय घटाउने अनि सेवाको गुणस्तर अभिवृद्धि गर्न सुझाव दिने पनि जिम्मेवारी समितिलाई दिइएको छ।

त्यसबाहेक अन्य तीन कार्यक्षेत्र भ्रष्टाचार नियन्त्रण र सार्वजनिक सेवालाई चुस्त, मितव्ययी र जबाफदेही बनाउने विषयमा केन्द्रित छन् । चौथो बुँदामा, सुशासनको प्रत्याभूति दिन गर्नुपर्ने कानुनी, नीतिगत, संस्थागत–संरचनागत र प्रक्रियागत सुधारमा सम्बन्धमा सुझाव दिनुपर्ने जिम्मेवारी तोकिएको छ।

पाँचौँ बुँदामा, भ्रष्टाचार रोकथाम र नियन्त्रणका लागि सरकारी कर्मचारीको व्यवस्थापन, आचरण, दण्ड तथा पुरस्कार–उत्प्रेरणा सहितका क्षेत्रमा गर्नुपर्ने सुधारबारे सुझाव दिने भनिएको छ।

अन्तिम बुँदामा समितिले आवश्यक ठानेमा नेपालमा सार्वजनिक प्रशासनमा हुने भ्रष्टाचारको नियन्त्रण र सुशासनको प्रवद्र्धन तथा सार्वजनिक सेवा प्रवाहको क्षेत्रमा गर्नुपर्ने सुधारबारे सुझाव दिने भनिएको छ।

**चुनावअघि खाका ल्याउने प्रयास**

उक्त समितिका सदस्यसचिव समेत रहेका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव भीष्मकुमार भुसालले पुस २१ गतेबाट आफूहरूले काम प्रारम्भ गरेको जनाउँदै कार्यपालिकासँग सम्बन्धित सेवा प्रवाह र डिजिटल रूपान्तरणबारे केन्द्रित रहेर प्रतिवेदन तयार पार्ने बताए।

उनले भने, 'हाम्रो चासो के हो भने भोलि जोकोही पनि सत्ता सम्हाल्न आउँदा हामीले गर्नुपर्ने यो क्षेत्रका सुधार यीयी हुन् भन्ने सूची उहाँहरूको हातमा होस् । कसैले पनि सुरुबाट काम थाल्न नपरोस् भनेर चुनावअघि नै 'ब्लूप्रिन्ट' निकाल्नका लागि हामी दिलोज्यानले लागिरहेका छौँ ।'

उनले थपे, 'हामी सेवा प्रवाहमा रूपान्तरण, भ्रष्टाचार नियन्त्रण, डिजिटल रूपान्तरण र तीन तहको सरकारबीच सेवा प्रवाहमा समन्वयनलाई ध्यान दिएर प्रतिवेदन तयार गर्छौं । स्थानीय तहसम्म नै पुगेर प्रतिवेदन बनाउने छौँ र कम्तीमा एक दशकका लागि एउटा 'भिजन' दिने प्रयास गरिने छ।'

जबाफदेहिताको पक्षमा पैरवी गर्दै आएको एउटा संस्था अकाउन्टबिलटी ल्याबका सहसंस्थापक नारायण अधिकारी भ्रष्टाचारविरुद्ध लामो समयदेखि नेपालमा आवाज उठ्दै आएको र पछिल्लो जेन्जी आन्दोलनले विगतमा त्यसलाई रोक्न चालिएका कदमहरू विफल भएको देखाएको बताए।

समितिमा सदस्यसमेत रहेका उनले भने, 'सुशासनको खोजी भइरहेका कारण नै त्यो प्रदर्शन भएको हो । मुख्य मुद्दाका रूपमा आएकाले त्यहाँ उठेका कुराहरूलाई संस्थागत गरेर लैजानुपर्छ । सुशासनलाई प्रवद्र्धन गर्ने तौरतरिकालाई पुनर्मुल्याङ्कन गरेर नयाँ मार्गचित्र बनाउने कुरा सकारात्मक हो।'

तर कतिपय विश्लेषकहरूले चुनावको पूर्वसन्ध्यामा विभिन्न निकायहरू चुनावी तयारीमा व्यस्त हुने र यस्तोमा तीन तहका सेवा प्रवाहको मूल्याङ्कन र नयाँ मार्गचित्रको निर्धारणजस्ता विषयमा छलफल चलाउन र निष्कर्षमा पुग्न चुनौती थपिने ठानेका छन्।

अधिकारी आन्दोलनको मुख्य माग सुशासन भएकाले सन्तुलन मिलाएर अघि बढ्नुको विकल्प नभएको बताउँछन्।

उनले थपे, 'समयको हिसाबले एकदमै बढी चाप छ । आन्दोलनको मुख्य माग नै भएको हुनाले यसमा काम गर्नुपर्ने हुन्छ । कम्तीमा एउटा खाका बन्न सक्यो भने आगामी सरकारलाई पनि त्यसलाई थप परिष्कृत गर्ने अवसर हुन्छ।'

**नेपालमा कति भ्रष्टाचार हुन्छ ?**

भ्रष्टाचार नियन्त्रणका लागि पैरवी गरिरहेको अन्तर्राष्ट्रिय संस्था ट्रान्स्प्यारन्सी इन्टर्न्याश्नलले अघिल्लो वर्षको 'करप्शन पर्सेप्शन इन्डेक्स'मा नेपाललाई १८० देशमध्ये १०७ औँ स्थानमा राखेको थियो।

प्रतिवेदनमा आफ्नो अध्ययनमा सहभागी ८४ प्रतिशतले सरकारमा भ्रष्टाचार ठूलो समस्या रहेको ठानेको र १२ प्रतिशतले एक वर्षको अवधिमा सार्वजनिक सेवा दिन घुस दिनुपरेको अनुभव सुनाएको उल्लेख गरिएको छ।

भ्रष्टाचारसम्बन्धी अनुसन्धानकर्ता एवम् त्रिभुवन विश्वविद्यालयका उपप्राध्यापक दीपेश घिमिरेले भ्रष्टाचार नियन्त्रण जेन्जी आन्दोलनको सबैभन्दा प्रमुख माग भएकाले 'सुशासन मार्गचित्र' बनाउने कुरा प्राथमिकतामा पर्नु सकारात्मक भएको बताए।

उनी भन्छन्, 'जेन्जी आन्दोलनको पहिलो माग नै भ्रष्टाचार नियन्त्रण र सुशासन स्थापना हो । निर्वाचन त्यसपछिको मुद्दा हो।'

उपप्राध्यापक घिमिरे नेपालमा सुशासनको मार्गचित्र बनाउने काम विगतमा कहिल्यै नभएको उल्लेख गर्छन्। अहिले समिति गठन गर्दा भ्रष्टाचार नियन्त्रणमा कार्यकारीको महत्त्वपूर्ण भूमिका हुने कुरालाई स्वीकार गरिएको उल्लेख गर्दै उनले भने, 'नयाँ सरकार पुरानोको अविच्छिन्न उत्तराधिकारी भएकाले दायित्व स्वाभाविक रूपमा नयाँमा पनि सर्छ र अहिलेको सरकारले गरेको कामले अर्कोको व्यवहारलाई पनि मार्गनिर्देशन गर्छ भनेर हामीले सोच्नुपर्छ ।'

सङ्घ, प्रदेश र स्थानीय तहमा गरी नेपालमा झन्डै १ लाख ३७ हजार कर्मचारीहरू रहेको ठान्ने गरिन्छ । त्यसबाहेक पूर्ण सरकारी र अधिकांश सरकारी स्वामित्वका गरी झन्डै ४५ वटा संस्थानहरू सञ्चालनमा छन्, जसमध्ये डेढ दर्जन नोक्सानमा रहेको बताइन्छ । विगतमा पनि शासकीय सुधारका लागि अध्ययनहरू भएका भए पनि तिनलाई कर्मकाण्डी बनाइएका र चरम राजनीतीकरणका कारण प्रशासन संयन्त्र कमजोर बनेका भन्दै चिन्ता प्रकट हुने गरेको पाइन्छ । बीबीसी

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ । मधेशदृष्टि दैनिक राससको नियमित ग्राहक हो । बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ उपलब्ध छ ।

# राष्ट्रिय एकता दिवसको शुभकामना !



**काठमाडौँ।**
पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले ३०४ औँ पृथ्वीजन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा शुभकामना व्यक्त गरेकी छिन् । उनले सामाजिक सञ्जालमार्फत पृथ्वीजयन्ती तथा राष्ट्रिय एकता दिवसले हाम्रो देशभक्तिको भावना अझ सबल बनाई सामाजिक सद्भाव, सहिष्णुता तथा राष्ट्रिय एकतालाई सुदृढ बनाउने बताइन्।

पूर्वराष्ट्रपति भण्डारीले यस दिवसले राष्ट्रिय स्वाभिमान, स्वतन्त्रता, सार्वभौमिकता र समृद्धिका लागि सबैमा प्रेरणा प्रदान गरोस् भन्ने कामना गरेकी हुन् । उनले कलह, झगडा र अस्थिरताले थलिएर विकास गर्न नसकेका स–साना राज्यको एकीकरणबाट आधुनिक नेपाल राष्ट्रको निर्माण हुनु हाम्रो इतिहासको गौरवपूर्ण अध्याय हो बताइन् । नागरिकको सल्लाह तथा सुझाव लिएर एकीकरण प्रक्रियालाई जनआधारित राष्ट्रिय अभियान बनाउने पृथ्वीनारायण शाहको दूरदर्शी नेतृत्व एवं हाम्रा वीर पुर्खाको त्याग र बलिदानका कारण नेपालको स्वतन्त्र र सार्वभौम अस्तित्व सुरक्षित रहन सकेको ऐतिहासिक सत्य हामीले आत्मसात गर्नुपर्दछ।

पूर्वराष्ट्रपति भण्डारीले ऐतिहासिक एकीकरणले तयार गरेका आधारभूमिमा उभिएर हामी आजको सार्वभौम, स्वतन्त्र, लोकतान्त्रिक गणतन्त्र नेपालसम्म आइपुगेका बताइन् । 'हामीले हाम्रो पवित्र भूमि, इतिहास र संस्कृतिप्रति गौरव गर्दै पूर्वजप्रति कृतज्ञ हुनुपर्दछ । इतिहासका सकारात्मक शिक्षाबाट आजको पुस्ताले मार्गदर्शन लिन सक्नु सभ्य समाजको पहिचान हो उनले भनिन् । पृथ्वीनारायण शाहका दिव्य उपदेशहरू राष्ट्रिय, आत्मनिर्भर र स्वावलम्बी अर्थतन्त्र एवं सन्तुलित परराष्ट्र नीतिका सन्दर्भमा आज पनि उत्तिकै सान्दर्भिक रहेका उनीको भनाइ थियो। रासस

# राष्ट्र निर्माताको सालिकमा पुष्पहार अर्पण



**काठमाडौँ।**
राष्ट्रपति रामचन्द्र पौडेलले राष्ट्र निर्माता पृथ्वीनारायण शाहप्रति सम्मान व्यक्त गरेका छन् । सिंहदरबारको पश्चिमद्वार नजिक रहेको राष्ट्र निर्माताको सालिकमा पुष्पहार अर्पण गरी उनको योगदानको सम्मान गरेका हुन् । त्यस अवसरमा नेपाली सेनाको एक टुकडीले राष्ट्रपतिप्रति सलामी अर्पण गरेको थियो।

पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा आयोजित उक्त समारोहमा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री सुशीला कार्की, प्रधानन्यायाधीश प्रकाशमानसिंह राउत, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल र उपाध्यक्ष विमला घिमिरे, नेपाल सरकारका मन्त्रीगणले नेपाल एकीकरणको अभियान्ता पृथ्वीनारायण शाहप्रति श्रद्धाञ्जली अर्पण गरी सम्मान प्रकट गरे।

मुख्यसचिव सुमनराज अर्याल, नेपाल सरकारका उच्चपदस्थ अधिकारी, संवैधानिक निकाय तथा सुरक्षा निकायका प्रमुखलगायत समाजका विभिन्न क्षेत्रका महानुभावहरूले समेत राष्ट्र निर्माता पृथ्वीनारायण शाहप्रति सम्मान प्रकट गरे । हरेक वर्ष पृथ्वीनारायण शाहको जन्मदिन पुस २७ गते राष्ट्रिय एकता दिवसका रूपमा मनाइँदै आएको छ। रासस

# महाधिवेशन कार्यकर्ताको चाहना र विधानसम्मत



**काठमाडौँ।**
नेपाली कांग्रेसका नेता गोपालमान श्रेष्ठले मुलुकको वर्तमान अवस्था संवेदनशील रहेको उल्लेख गर्दैै पार्टीभन्दा माथि उठेर राष्ट्रिय हितका पक्षमा सबै लाग्नुपर्ने बताएका छन्।

कांग्रेसका विशेष महाधिवेशन पक्षधरको आह्वानमा आइतबारदेखि काठमाडौंमा सुरु भएको विशेष महाधिवेशनको उद्घाटन सत्रलाई सम्बोधन गर्दै नेता श्रेष्ठले पार्टी विधानले चल्नुपर्ने र कसैले हठ गर्न नहुने बताए।

साथै उनले विशेष महाधिवेशन पार्टीको विधानअनुसार भएको दाबी गर्दै मुलुकको वर्तमान राजनीतिको भावनाअनुसार पार्टीको नेतृत्व युवाको काँधमा आएको उल्लेख गरे।

काठमाडौँ कांग्रेसका सभापति कृष्ण (सबुज) बानियाँको अध्यक्षतामा सञ्चालन भएको उद्घाटन सत्रमा कांग्रेस लुम्बिनी प्रदेशका सभापति अमरसिंह पुन र गण्डकी प्रदेश सभापति शुक्रराज शर्मा तथा कांग्रेस काभ्रेपलाञ्चोकका सभापति तीर्थ लामा, बैतडीका सभापति चतुरबहादुर चन्द र ललितपुरका सभापति जितेन्द्र श्रेष्ठलगायतका नेताले जेनजी आन्दोलनपछि विकसित राजनीतिक सन्दर्भ र पार्टीभित्रको परिवर्तित चाहनाअनुरुप विधानसम्मत विशेष महाधिवेशन भएको स्पष्ट पारे। रासस

# सुरक्षाको भरपर्दो वातावरण छ : आयोग




**काठमाडौँ।**
निर्वाचन आयोगले आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि राजनीतिक दल, उम्मेदवार र मतदताका लागि सुरक्षाको भरपर्दो वातावरण हुने बताएका छन्।

निर्वाचनमा सुरक्षाकै कारण राजनीतिक दल र उम्मेदवारले जनतासँग मात माग्न र मतदताले मतदान गर्न असुविधा हुने स्थिति नआउने आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले बताए । उनले एकीकृत सुरक्षा योजनाअनुसारका चारैसुरक्षा निकायले समन्वयात्मक काम गरिरहेको र नेपाल सरकारले पनि आवश्यक स्रोत साधन उपलब्ध गराइरहेको स्पष्ट गरे।

राजनीतिक दल, उम्मेदवार वा पक्षधरहरुले जनता र मतदातासमम्म आफ्ना विचार वा प्रचार लैजान निर्भयतापूर्वक विश्वस्त भएर लाग्नसक्ने स्थिति छ । सुरक्षाकै कारण मतदातासमक्ष उहाँहरु जान नसक्ने अवस्था छैन । भट्टराईको अनुसार यसका लागि सुरक्षा निकायले चनाखो भएर काम गरिरहेका छन् । सरकारले स्रोत, साधन उपलब्ध गराएकै छ । रासस

# पार्टी विभाजन नहोस् भन्नेमा सचेत छुः कोइराला



**काठमाडौँ।**
नेपाली कांग्रेसका नेता डा शेखर कोइरालाले आफू पार्टी एकताको पक्षमा रहेको र पार्टी विभाजन नहोस् भन्नेमा सचेत बताएका छन् । कांगेसको विशेष महाधिवेशन पक्षधरद्धारा आह्वान गरिएको विशेष महाधिवेशनको उद्घाटन भइरहेको सन्दर्भमा उनले भिडिओ सन्देश जारी गर्दै आफू पार्टीगत रुपमा कुनै व्यक्तिगत स्वार्थमा नअल्झिएको स्पष्ट पारे।

म कांग्रेसको रूपान्तरण अभियानमा आक्रोश र अधैर्य भएर अगाडि बढ्न चाहिन, म यहाँ प्रस्ट भन्न चाहन्छु, मेरो निजी महत्वकांक्ष केही छैन, मलाई मन्त्री, महामन्त्री हुने लोभले विगतमा कहिले आकर्षित गरेन, यस्ता अवसरहरू आए तर, मैले रुचि देखाइन, त्यस्तै सभापति, प्रधानमन्त्री हुने कुराले मलाइ लोभ्याउँदैन उनले बताए।

उनले आफ्नो परिवारको जीवन दर्शनबाट अभिप्रेरित भएर कांग्रेसको समग्र एकताको पक्षमा शान्त आवाज उठाइरहेको बताए । नेता कोइरालाले पार्टीको विशेष महाधिवेशनको अभियान चलिरहँदा आफ्नो मत केन्द्रीय कार्यसमितिमा लिखित रूपमै राखेको जानकारी गराए । महाधिवेशन प्रतिनिधिहरू पार्टीको धरोहर रहेको भन्दै विधिको प्रभावकारिता र नीतिको सान्दर्भिकता स्थापित गर्ने पवित्र उद्देश्यका साथ काठमाडौं आएका उनको भनाइ छ। रासस

# निर्वाचन अधिकृतहरुका लागि प्रशिक्षण

काठमाडौँ।
निर्वाचन आयोगले आशन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लाग खटिएका मुख्य निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका लागि प्रशिक्षक प्रशिक्षणका लागि यही पुस २८ र २९ गते विभिन्न स्थानमा अभिमुखीकरण तालिम सञ्चालन गर्दैछ।

सात प्रदेश अन्तर्गतका निर्वाचन अधिकृत र निर्वाचन अधिकृतका लागि कूल चार स्थान काठमाडौँ, चितवन, विराटनगर र नेपालगञ्जमा अभिमुखीकरण तालिम दिन लागिएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिए।

तालिम सञ्चालन गर्न आयोगका पदाधिकारी र सम्बन्धित कर्मचारीले कार्यविभाजन गरी खटिइसकेका छन्।

तालिमले मुख्य प्रशिक्षक तयार गर्न प्रशिक्षक प्रशिक्षण सम्पन्न गरिएको र ती प्रशिक्षकले थप तालिम सञ्चालन गर्ने आयोगको योजना रहेको छ । प्रशिक्षण प्राप्त गरेपछि निर्वाचन अधिकृतले आगामी माघ २ गतेदेखि आ–आफ्नो निर्वाचन क्षेत्रमा कार्यालय स्थापना गरी काम सुरु गर्नेछन्।

आयोगले न्यायपरिषद्को परामर्शमा ७७ जना जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृत र ८८ जना न्यायसेवाका राजपत्राङ्कित द्वितीय श्रेणीका अधिकृतलाई निर्वाचन अधिकृत पदमा नियुक्ति दिइसकेको छ। रासस

# नेपाली कांग्रेसको विशेष महाधिवेशन सुरु



**काठमाडौँ।**
नेपाली कांग्रेसको विशेष महाधिवेशन पक्षधरद्वारा काठमाडौँको भृकुटीमण्डपमा आयोजना गरिएको विशेष महाधिवेशन सुरु भएको छ । विशेष महाधिवेशनको उद्घाटन महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले गरे । यही पुस २७ र २८ गते आयोजना गरिएको विशेष महाधिवेशनको उद्घाटनअघि उपत्यकाका विभिन्न स्थानबाट नेता, कार्यकर्ता भेला भई र्‍याली, बाजागाजा र झाँकीका साथ आयोजनास्थल प्रवेश गरेका थिए।

उद्घाटन सत्रका लागि भृकुटीमण्डपको खुला चौरमा मञ्चको व्यवस्था गरिएको छ भने मञ्च अगाडि हजारौँ सङ्ख्यामा नेता तथा कार्यकर्ताको उपस्थिति रहेको छ । मञ्च वरिपरि कांग्रेसको झण्डा, गेट, ब्यानर तथा प्रचारप्रसारका सामग्री राखेर सजाइएको छ । विशेष महाधिवेशनको सभापतित्व कांग्रेस काठमाडौँका सभापति कृष्ण सबुज बानियाँले गरेका थिए। विशेष महाधिवेशनको उद्घाटनपछि बन्दसत्र यही पुस २८ गते बिहानदेखि भृकुटीमण्डपको सभाहलमा हुनेछ । गत असोज २९ गते कांग्रेसका ५४ दशमलव ५८ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षरसहित विशेष महाधिवेशन मागका साथ केन्द्रीय कार्यालयमा निवेदन दर्ता भएको थियो । विशेष महाधिवेशनलका सन्दर्भमा पार्टीको संस्थापन पक्षले भने असहमति जनाएको छ । पार्टीको संस्थापन पक्षले नियमित महाधिवेशनको तालिका तोकेर प्रक्रिया सुरु भइसकेकाले विशेष महाधिवेशनको औचित्य स्वतः समाप्त भइसकेको जनाएको छ । रासस

# राज्य एकीकरणमा पूर्वजको योगदान महत्त्वपूर्ण : राष्ट्रपति



काठमाडौँ।
राष्ट्रपति रामचन्द्र पौडेलले स–साना राज्यमा छरिएर रहेको नेपाल हालको अवस्थासम्म आइपुग्न हाम्रा धेरै पूर्वजहरूले पुर्याएको योगदान महत्वपूर्ण रहेको बताएका छन् । पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा दिएको शुभकामना सन्देशमा उनले पृथ्वीनारायण शाहले स–साना टुक्रामा छरिएर रहेका राज्यहरूलाई एकीकरण गरेर आधुनिक नेपाल राष्ट्रको निर्माण गरेको स्पष्ट पारे।

राष्ट्रपति पौडेलले भने, 'पृथ्वीनारायण शाहलाई सम्झँदा उनले नेपालको एकीकरण गर्दै राष्ट्रिय स्वाधीनता र आधुनिक नेपालको साझा पहिचानलाई स्थापित गरेको देखिन्छ । उनको दिव्योपदेश आज पनि उत्तिकै लोकप्रिय र सान्दर्भिक छन्' । राष्ट्रपति पौडेलले मुलुकको सवल अर्थतन्त्र निर्माण, राष्ट्रप्रेम, छिमेकी राष्ट्रहरूसँग कूटनैतिक सम्बन्ध निर्माण, धर्म, संस्कृति र परम्पराको संरक्षण, जनकल्याण र राज्यको जिम्मेवारी, न्याय र सुशासन तथा राष्ट्रिय एकताको प्रवर्द्धनका लागि उनका दिव्योपदेश मार्गदर्शन लिन सकिने बताए।

उनले राष्ट्र निर्माणको अभियानलाई इतिहासको विभिन्न कालखण्डमा वीर पुर्खाहरूले निरन्तरता दिएको कारणले हामीले आज सार्वभौम र स्वतन्त्र नेपाल भनेर गर्व गर्न पाएको उल्लेख गरे । राष्ट्रपति पौडेलले यही आधारभूमिमा टेकेर नेपाललाई स्वतन्त्र, अविभाज्य, सार्वभौमसत्ता सम्पन्न, धर्मनिरपेक्ष, समावेशी, लोकतन्त्रमा आधारित समाजवाद उन्मुख सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्यको रूपमा संवैधानिक व्यवस्था गरेको स्पष्ट पारे।

उनले भने, राष्ट्रिय एकता दिवसले मुलुकको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता र राष्ट्रिय एकतालाई अक्षुण्ण राखी जनताको सुख र समृद्धि हासिल गर्न सबैमा प्रेरणा प्रदान गरोस् भन्ने कामना गर्दछु । नेपाल एकीकरण अभियानका नेतृत्वकर्ता पृथ्वीनारायण शाहको ३०४औँ जन्मजयन्ती तथा राष्ट्रिय एकता दिवसका अवसरमा उनीप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दै राष्ट्रपति पौडेलले स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक शुभकामना व्यक्त गरेका छन्। रासस

# समावेशी सिद्धान्तमा आधारित समाज निर्माण गरौँः उपराष्ट्रपति

**काठमाडौँ।**
उपराष्ट्रपति रामसहायप्रसाद यादवले सबै प्रकारका विभेद, वैमनस्यता र असहिष्णुतालाई त्यागी समान अवसर, सामाजिक न्याय र सांस्कृतिक सम्मानलाई जीवनको मूलमन्त्र बनाउन सङ्कल्प गर्नुपर्नेमा जोड दिएका छन् । राष्ट्रिय एकता दिवस, २०८२ का अवसरमा स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा शुभकामना व्यक्त गर्दै उपराष्ट्रपति यादवले सबै प्रकारका विभेद, वैमनस्यता र असहिष्णुतालाई अन्त्य गर्ने सङ्कल्पले मात्र मुलुकलाई आर्थिक, सामाजिक, शैक्षिक र राजनीतिक उन्नतितर्फ अघि बढाउन सकिने बताए।

कुनै पनि जातीय, वर्गीय, धार्मिक र क्षेत्रीय द्वन्द्वलाई निस्तेज गर्दै भाइचारा, मेलमिलाप र अपनत्वभाव विकास गर्नमा पनि यस दिवसले योगदान पुग्ने विश्वास लिएको छु उनले भने । राष्ट्रिय एकता दिवसले हाम्रो समृद्ध सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धन गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थामार्फत दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाङ्क्षा पूरा गर्ने मार्गप्रशस्त गरोस् भने । उपराष्ट्रपति यादवले नेपालको बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक विशेषतालाई आत्मसात् गर्दै सामाजिक सद्भाव, सहिष्णुता र समरसता अभिवृद्धि गर्ने उत्प्रेरकका रूपमा एकता दिवसलाई उपयोग गर्न सक्नुपर्ने उल्लेख गर्दै राष्ट्रिय एकता दिवसले हामीलाई आपसी विश्वास, सहयोग र साझा जिम्मेवारीको भावनासहित अघि बढ्न आह्वान गरे।

'राष्ट्रिय एकता दिवस २०८२ ले विविधतामा एकतालाई हाम्रो राष्ट्रिय पहिचानको आधार बनाउँदै समानुपातिक, समावेशी र सहभागितामूलक सिद्धान्तमा आधारित समतामूलक समाज निर्माण गर्ने सङ्कल्पलाई थप सबल बनाओस् भन्ने शुभेच्छा व्यक्त गर्दछु', शुभकामना सन्देशभा भनिएको छ।

पुस २७ गते मनाइने राष्ट्रिय एकता दिवसलाई पृथ्वी जयन्तीका रूपमा पनि मनाइन्छ । यस दिवसले हाम्रो साझा इतिहास, संस्कृति र गौरवलाई स्मरण गराउँदै विविधताबीचको एकतालाई थप सबल बनाउन प्रेरणा दिने र मुलुकलाई एक सूत्रमा बाँध्ने महान् प्रयत्न गर्ने पुर्खाहरूको योगदानलाई सम्मान गर्ने अवसर प्रदान गरेको उपराष्ट्रपति यादवको भनाइ छ । आजको दिनले हामीलाई व्यक्तिगत हितभन्दा माथि उठेर राष्ट्रहितलाई प्राथमिकता दिनु नै सशक्त र समावेशी मुलुक निर्माणको आधार भएको तथ्यलाई स्मरण गराउँदछ, युवापुस्तालाई मातृभूमिप्रति समर्पण, सेवा र जिम्मेवारीको भावना जागृत गर्नमा यस दिवसको विशेष महत्व छ उनले भने। रासस

# पोखरामा सूचना–प्रविधि र 'स्टार्टअप' मेला



**कास्की।**
गण्डकी प्रदेशको राजधानी पोखरामा सूचना–प्रविधि तथा 'स्टार्टअप' व्यवसाय प्रदर्शनी हुने भएको छ। नवप्रवर्तनमार्फत रोजगारी सृजना र बेरोजगारी अन्त्यका लागि युवापुस्ताका उद्यमीबाट उत्पादित प्रविधि तथा व्यवसाय प्रदर्शनका लागि मेला आयोजना गर्न लागिएको हो।

नेपाल सरकार, युवा तथा खेलकुद मन्त्रालयअन्तर्गत रहेको राष्ट्रिय युवा परिषद्ले पोखरा उद्योग वाणिज्य सङ्घसँगको सहकार्यमा आगामी माघ अन्तिम साता प्रदर्शनी आयोजना गर्दैछ । मेलामा गण्डकी प्रदेशभित्रबाट छानिएका १५ नवीन सोचमा आधारित उद्यम, वस्तु तथा सेवा वा प्रक्रियामा नवप्रवर्तनसँग सम्बन्धित व्यवसायको प्रदर्शनी गरिनेछ।

सो प्रदर्शनी प्रतिस्पर्धात्मक हुने र पहिलो हुनेले रु ४० हजार, द्वितीयले रु ३० हजार र तृतीय हुनेले रु २० हजार पुरस्कार प्राप्त गर्ने राष्ट्रिय युवा परिषद्का प्रशासकीय प्रमुख गेहनाथ गौतमले जानकारी दिए।

प्रदर्शनीमा सहभागी हुन चाहनेले अनलाइन फाराम भर्नुपर्नेछ । तीमध्ये छानिएकालाई मेलामा सहभागी गराइने, आवेदकको उमेर ४० वर्ष ननाघेको, उद्योग/व्यवसाय सञ्चालन गरेको १० वर्षभन्दा बढी नभएको तथा सरकारी कार्यालयमा दर्ता भएको एवं वार्षिक कारोबार रु १५ करोडभन्दा बढी नभएको हुनुपर्नेछ उनले बताए।

पोखराबाट सुरु गरिने यो प्रदर्शनी देशका सातवटै प्रदेशमा आयोजना गरिने छ भने अन्तिममा काठमाडौँमा हुने बृहत् प्रतिस्पर्धात्मक प्रदर्शनीमा समेत प्रदेशमा उत्कृष्ट रहेकालाई सामेल गरिने परिषद्ले जनाएको छ । प्रदर्शनीको तयारीको सन्दर्भमा युवा परिषद्ले पोखरामा अभिमुखीकरण कार्यक्रमसमेत सम्पन्न गरेको छ। कास्कीसहित स्याङ्जा, बागलुङ, तनहुँ र पर्वतका उद्योगी/व्यवसायीको सहभागिता रहेको सो अभिमुखीकरण कार्यक्रममा उद्यमशीलता विकास विज्ञ इन्जिनियर रमेश सुवेदीले नवप्रवर्तनमार्फत रोजगारी सृजना र युवा पलायन रोक्नका लागि मेला आयोजना गरिएको बताए।

पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष गोकर्ण कार्कीले युवापुस्ताको पलायन रोकियो्स्, देशमै रोजगारी सृजना होस् भन्ने निजी क्षेत्रको चाहना रहेको बताए। गत भदौमा भएको जेन्जी आन्दोलनका क्रममा उद्योगी/व्यवसायीमाथि भएको आक्रमणका कारण निजी क्षेत्र हतोत्साही बनेको अवस्थामा यस्ता प्रदर्शनीले युवापुस्तालाई प्रोत्साहित गर्नेछ उनले बताए।

पोखरा महानगरपालिकाको व्यवसाय प्रवद्र्धन केन्द्रका प्रमुख नवराज अधिकारीले उद्यमशीलता विकासका निम्ति पोखरा महानगरपालिकाले चालेका कदमबारे जानकारी दिँदै युवा परिषद्ले आयोजना गर्ने कार्यक्रमले नयाँ सोचको विकास गराउने बताए । युवा परिषद्का उपसचिव तारापति खरेलले निजी क्षेत्र र खासगरी युवालाई सृजनात्मक व्यवसायमा सामेल गराउन मेला आयोजना गर्न लागेको बताए । रासस

# आइएस विरुद्ध अमेरिकाको नयाँ जवाफी हमला

**अमेरिका।**
सिरियामा गत महिना भएको घातक आक्रमणमा दुई अमेरिकी सैनिक र एक अमेरिकी नागरिक दोभाषेको ज्यान गएपछि संयुक्त राज्य अमेरिकाले इस्लामिक स्टेट ९आइएस० विरुद्ध सिरियामा नयाँ चरणको जवाफी सैन्य हमला सुरु गरेको छ। अमेरिकी सेन्ट्रल कमान्डका अनुसार शनिबार दिउँसो करिब १२स्३० बजे ९पूर्वी समय० अमेरिकाको नेतृत्वमा साझेदार सेनासहित ठूलो स्तरका हवाई आक्रमणहरू गरिएका हुन्।

ती आक्रमणहरू सिरियाका विभिन्न स्थानमा रहेका आइएसका बहुविध लक्ष्यहरूमा केन्द्रित थिए । जोर्डानको सेनाले पनि यस अपरेसनमा सहभागी भएको पुष्टि गरेको छ। यी कारबाहीहरू राष्ट्रपति डोनाल्ड ट्रम्पको निर्देशनअनुसार गत महिना पाल्मिरा क्षेत्रमा भएको आइएस आक्रमणको प्रत्यक्ष जवाफका रूपमा गरिएका हुन्। उक्त आक्रमणमा आयोवा नेसनल गार्डका सार्जन्ट एडगर ब्रायन टोरेस–टोभर, सार्जन्ट विलियम नाथानियल हावर्ड र अमेरिकी नागरिक दोभाषे अयाद मन्सुर सकातको ज्यान गएको थियो।

अमेरिकी सेन्ट्रल कमान्डले विज्ञप्तिमार्फत चेतावनी दिँदै भनेको छ यदि कसैले हाम्रा सैनिकहरूलाई क्षति पुर्याउँछ भने, हामी उसलाई संसारको जुनसुकै कुनामा भए पनि खोजेर कारबाही गर्नेछौँ । यस आक्रमणअघि सिरियाली अधिकारीहरूले लेभान्ट क्षेत्रमा आइएसका सैन्य अपरेसन हेर्ने एक उच्च नेताको पक्राउ गरिएको जानकारी दिएका थिए । शनिबारको कारबाही कुन–कुन साझेदार सेनाको सहभागितामा भएको हो भन्ने विवरण भने सार्वजनिक गरिएको छैन।

ट्रम्प प्रशासनले पाल्मिरा घटनापछिको सम्पूर्ण सैन्य प्रतिक्रियालाई 'अपरेसन हक्की स्ट्राइक' नाम दिएको छ । यसअघि डिसेम्बर १९ मा गरिएको आक्रमणमा मध्य सिरियामा रहेका आइएसका करिब ७० लक्ष्य ध्वस्त पारिएको थियो, जसमा सङ्गठनका पूर्वाधार र हतियार भण्डार समावेश थिए। कुर्दिश नेतृत्वको सिरियन डेमोक्रेटिक फोर्स लामो समयदेखि सिरियामा आइएसविरुद्ध अमेरिकाको प्रमुख साझेदार रहँदै आएको छ।

सन् २०२४ को डिसेम्बरमा पूर्वराष्ट्रपति बशर अल–असद हटेपछि भने वासिङ्टनले दमास्कसस्थित केन्द्रीय सरकारसँग पनि समन्वय बढाएको छ । हालै सिरिया औपचारिक रूपमा आइएसविरुद्धको अन्तर्राष्ट्रिय गठबन्धनमा सामेल भएको छ। रासस

# इस्लामाबादः विवाह समारोहमा ग्यास विस्फोट, ८ जनाको मृत्यु



**इस्लामाबाद।**
पाकिस्तानको राजधानी इस्लामाबादमा एक घरमा आयोजना गरिएको विवाह समारोहपछि आइतबार बिहान ग्यास सिलिन्डर विस्फोट हुँदा दुलहा–दुलहीसहित कम्तीमा आठ जनाको ज्यान गएको छ। प्रहरी र सरकारी अधिकारीहरूले घटनाको पुष्टि गरेका छन्।

इस्लामाबाद प्रहरीका अनुसार विवाहको रिसेप्सन सम्पन्न भएपछि दुलहा–दुलहीसहित पाहुनाहरू सोही घरमा सुतेका थिए । बिहान अचानक भएको विस्फोटका कारण घरको केही भाग भत्किँदा घटनास्थलमै आठ जनाको मृत्यु भएको हो । विस्फोटमा परी सात जना गम्भीर घाइते भएका छन् । उनीहरूलाई नजिकैका अस्पतालमा भर्ना गरिएको छ।

प्रहरीले जारी गरेको विज्ञप्तिमा विस्फोट सहरको केन्द्रमा रहेको आवासीय क्षेत्रमा भएको उल्लेख गरिएको छ । घटनापछि सुरक्षाकर्मी, उद्धार टोली र दमकल विभाग तत्काल घटनास्थलमा पुगेर खोज तथा उद्धार कार्य सञ्चालन गरेका थिए । विस्फोटको असर नजिकैका केही घरहरूमा समेत परेको बताइएको छ।

एक सरकारी प्रशासक साहिबजादा युसुफले आइतबार बिहान विस्फोट भएको जानकारी पाएलगत्तै सम्बन्धित निकायलाई सतर्क गराइएको र घटनाको कारण पत्ता लगाउन विस्तृत अनुसन्धान भइरहेको जानकारी दिए । प्रारम्भिक रूपमा ग्यास सिलिन्डर चुहावटका कारण विस्फोट भएको आशङ्का गरिएको छ। प्रधानमन्त्री शाहबाज सरिफले यस दुःखद घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै ज्यान गुमाएकाहरूका परिवारप्रति समवेदना प्रकट गरेका छन् । उनले घाइतेहरूको निःशुल्क र उत्तम उपचार सुनिश्चित गर्न स्वास्थ्य अधिकारीहरूलाई निर्देशन दिनुका साथै घटनाबारे पूर्ण र निष्पक्ष अनुसन्धान गर्न आदेश दिएका हुन्।

पाकिस्तानका धेरै घरपरिवारहरू प्राकृतिक ग्यासको न्यून चापका कारण तरलीकृत पेट्रोलियम ग्यास (एलपिजी) सिलिन्डर प्रयोग गर्न बाध्य छन्। यस्ता सिलिन्डरहरूमा हुने ग्यास चुहावट र लापरबाहीका कारण यसअघि पनि घातक दुर्घटनाहरू हुँदै आएका छन् । प्रहरीले घटनासम्बन्धी अनुसन्धान जारी रहेको जनाएको छ। रासस

# म्यान्मामा दोस्रो चरणको मतदान प्रक्रिया सुरु

**म्यान्मा।**
म्यान्मामा सत्तारूढ सैन्य जुन्ताले आइतबार दोस्रो चरणको चुनावका लागि मतदान प्रक्रिया सुरु गरेको छ। लोकतन्त्र निगरानी समूहहरूले भने यसलाई सेनाले नागरिक शासनको आवरणमा आफ्नो सत्ता लम्ब्याउने प्रयासका रूपमा व्याख्या गरेका छन्।

म्यान्मामा सशस्त्र सेनाले स्वतन्त्रतापछिको अधिकांश समय शासन गर्दै आएको इतिहास छ।

एक दशकजति लोकतान्त्रिक सुधारपछि नागरिक सरकारले नेतृत्व सम्हालेको भएपनि सेनाले सन् २०२१ मा अघिल्लो चुनावको नतिजा अस्वीकार गर्दै सत्ता पुनः कब्जा गरेको थियो। सो विद्रोहपछि प्रजातन्त्र नेतृ आङ सान सुकीलाई हिरासतमा लिइयो र देश गृहयुद्धमा फस्यो।

याङ्गुन सहरबाट करिब २५ किलोमिटर दक्षिणमा रहेको सुकीको पूर्व निर्वाचन क्षेत्र काव्हमुमा आइतबार बिहान ६ बजे मतदान सुरु भएको एएफपीका पत्रकारहरूले अवलोकन गरेका छन् । स्थानीय किसान थान थान सिन्टले देशमा धेरै समस्या भएपनि नागरिक कर्तव्य पूरा गर्न मतदान गरेको बताए । 'शान्ति तुरुन्तै आउँदैन, तर भावी पुस्ताका लागि हामीले क्रमशः अघि बढ्नुपर्छ', उनले मतदानपछि भने।

जुन्ताले पाँच वर्षसम्म बलपूर्वक शासन गरेपछि तीन चरणमा सम्पन्न हुने चुनावमार्फत जनवरी २५ सम्म जनतालाई सत्ता फिर्ता गर्ने वाचा गरेको छ । तर धेरै विश्लेषकहरूले सेनाको प्रमुख सहयोगीका रूपमा चित्रण गर्ने युनियन सोलिडेरिटी एन्ड डेभलपमेन्ट पार्टी (युएसडिपी) ले पहिलो चरणमै तल्लो सदनका झन्डै ९० प्रतिशत सिट जितेको थियो।

सुकीलाई राजनीतिक रूपमा अलग पारिएपछि र उहाँको लोकप्रिय नेसनल लिग फर डेमोक्रेसी (एनएलडी) पार्टी विघटन भएपछि प्रजातन्त्र समर्थकहरूले चुनाव निष्पक्ष नभएको आरोप लगाएका छन् । उनीहरूका अनुसार सेनाका समर्थकहरूले भरिएको मतपत्र र असहमतिमाथि कडा दमनमार्फत मतदान प्रभावित गरिएको हो । याङ्गुनका एक बासिन्दाले जनताको चासो न्यून रहेको र नतिजा पहिल्यै तय भएको जस्तो देखिने टिप्पणी गर्नुभयो। पहिलो चरणमा करिब ५० प्रतिशत मात्र मतदान भएको थियो, जुन सन् २०२० को करिब ७० प्रतिशत मतदानभन्दा धेरै कम हो।

विद्रोही समूहहरूको नियन्त्रणमा रहेका र हिंसात्मक आक्रमण भएका क्षेत्रहरूमा मतदान हुन सकेको छैन। विश्लेषकहरूका अनुसार जुन्ताले अन्तर्राष्ट्रिय वैधानिकता देखाउन, कूटनीतिक सम्बन्ध सुधार गर्न र विद्रोहको दबाब कम गर्न चुनावको सहारा लिएको हो । संयुक्त राष्ट्रसङ्घका मानवअधिकार विशेषज्ञ टम एन्ड्रुजले जुन्ताले आफ्नो प्रभुत्व कायम राख्न र हिंसा तथा दमन जारी रहँदा वैधानिकताको आवरण सिर्जना गर्न चुनाव 'इन्जिनियर' गरेको आरोप लगाए। सन् २०२० मा भारी बहुमत जितेका दलहरू, एनएलडीसहित, अहिलेको मतपत्रमा समावेश छैनन्।

संविधानअनुसार तल्लो सदनका एक चौथाइ सिट सशस्त्र सेनाका लागि आरक्षित छन् । यसैबीच, मतदानको विरोध वा आलोचना गर्ने सयौँ व्यक्तिलाई कडा कानून अन्तर्गत मुद्दा चलाइएको छ र हजारौँ राजनीतिक कैदीहरू अझै जेलमा छन् । दर्जनौँ निर्वाचन क्षेत्रमा मतदान रद्द गरिएको छ, विशेष गरी ती क्षेत्रमा जहाँ विद्रोहीहरूले समानान्तर प्रशासन चलाइरहेका छन्। हिंसाको स्पष्ट आधिकारिक तथ्याङ्क नभए पनि अनुगमन समूहहरूले सबै पक्षबाट करिब ९० हजार मानिस मारिएको अनुमान गरेका छन्। जुन्ता प्रमुख मिन आङ ह्लाइङले नयाँ सरकार गठन भएमा राष्ट्रपतिको नागरिक पोसाक धारण गर्ने सम्भावनालाई अस्वीकार गरेका छैनन्।

# भारतद्वारा वैकल्पिक बजारको खोजी

**नयाँ दिल्ली।**
अमेरिकासँगको व्यापार सम्झौता अनिश्चित बनेपछि भारतले निर्यातकहरूका लागि नयाँ बजार खोल्ने र कडा अमेरिकी शुल्कको प्रभाव न्यूनीकरण गर्ने उद्देश्यले आक्रामक रूपमा वैकल्पिक व्यापार सम्झौताहरू खोजिरहेको छ । वासिङ्टनसँग सम्झौता सुरक्षित गर्ने प्रयासहरू हालसम्म अधुरै रहेका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको प्रशासनले कर ५० प्रतिशतसम्म बढाएपछि गत अगस्टमा वासिङ्टन र नयाँदिल्लीबीचको सम्बन्ध चिसिएको थियो। यसले रोजगारी गुम्ने जोखिम मात्र नबढाई, भारतको उत्पादन र निर्यातको प्रमुख केन्द्र बन्ने दीर्घकालीन महत्त्वाकांक्षामा पनि धक्का पुर्याएको विज्ञहरूले बताउँदै आएका छन् । यही दबाबका कारण भारत आफ्नो सबैभन्दा ठूलो बजार बाहिर द्रुत रूपमा विविधीकरणतर्फ उन्मुख भएको विश्लेषकहरूको धारणा छ।

भारतले गत वर्ष चारवटा व्यापार सम्झौतामा हस्ताक्षर गरेको वा कार्यान्वयन अघि बढाएको थियो, जसमा बेलायतसँगको एक प्रमुख सम्झौता पनि समावेश छ । यो वर्षहरूमा देखिएको सबैभन्दा तीव्र गतिविधि मानिएको छ । साथै, युरोपेली सङ्घ (इयु), युरेसियन इकोनोमिक युनियन, मेक्सिको, चिली तथा दक्षिण अमेरिकी मर्कोसुर व्यापार समूहसँग नयाँ सम्झौता वा विद्यमान सम्झौता विस्तारका लागि वार्ता भइरहेको छ।

नयाँ दिल्ली स्थित ग्लोबल ट्रेड रिसर्च इनिसिएटिभका अजय श्रीवास्तवका अनुसार यी प्रयास सफल भए भारतले 'लगभग हरेक प्रमुख अर्थतन्त्र' सँग व्यापार व्यवस्था गर्नेछ। उनले सन् २०२५ लाई व्यापार सम्झौताका लागि अत्यन्त सक्रिय वर्षमध्ये एक भएको उल्लेख गर्दै यसलाई वासिङ्टनबाट पूर्णरूपमा टाढा हुने भन्दा पनि जोखिम फैलाउने रणनीति भएको बताए । रुसबाट तेल खरिद रोक्न अमेरिकाले लगाएको दण्डात्मक शुल्कले पनि भारतलाई अन्य बजार विस्तारतर्फ प्रेरित गरेको छ । व्यापार अर्थशास्त्री विश्वजीत धरले यो रणनीति ट्रम्प प्रशासनका कदमहरूको प्रत्यक्ष प्रतिक्रिया भएको र भारतका लागि आफ्नो गन्तव्य विस्तार गर्नु अनिवार्य भइसकेको टिप्पणी गरे।

यस्ता सम्झौताहरूले करबाट प्रभावित श्रम–गहन क्षेत्रलाई राहत दिने अपेक्षा गरिएको छ । भारतको परिधान निर्यात प्रवद्र्धन परिषद्का अनुसार बेलायतसँगको सम्झौताले आगामी तीन वर्षमा त्यहाँको कपडा निर्यात दोब्बर बनाउन मद्दत गर्नेछ। सम्भावित इयुसँगको सम्झौताबाट अझ ठूलो लाभ हुने अपेक्षा छ। यद्यपि सन् २०२५ को अन्त्यसम्म वार्ता टुङ्ग्याउने समयसीमा चुके पनि भारतीय वार्ताकारहरू आशावादी छन्।

यसैबीच, जर्मन चान्सलर फ्रेडरिक मेर्जले भारत भ्रमण गरी प्रधानमन्त्री नरेन्द्र मोदीसँग व्यापार र लगानी सहयोग बढाउने विषयमा छलफल गर्ने कार्यक्रम तय भएको छ। साना सम्झौताहरू पनि रणनीतिक रूपमा महत्त्वपूर्ण ठानिएका छन् । ओमानसँगको पछिल्लो सम्झौताले मध्यपूर्व र अफ्रिका बजारतर्फ पहुँचको ढोका खोल्ने विश्लेषकहरूको भनाइ छ।

न्युजिल्यान्डसँगको स्वतन्त्र व्यापार सम्झौताले निर्यात वृद्धिमा सीमित योगदान दिए पनि ठूलो परिमाणमा विदेशी लगानी भित्र्याएको र भारत सम्झौता गर्न इच्छुक छ भन्ने सन्देश दिएको बताइएको छ । यद्यपि केही कृषि उत्पादनमा छुटका कारण किसानहरूमा चिन्ता देखिएको छ।

अक्टोबरको गिरावटपछि नोभेम्बर २०२५ मा भारतको सामान निर्यात १९ प्रतिशतले बढेको तथ्याङ्क छ । इलेक्ट्रोनिक्स र समुद्री उत्पादन निर्यातले यसमा योगदान दिएका छन्। इयु र चीनतर्फ निर्यात बढेको निर्यातक सङ्घका प्रतिनिधिहरूले जनाएका छन्।

तर वैकल्पिक बजारले अमेरिकालाई पूर्ण रूपमा प्रतिस्थापन गर्न नसक्ने चेतावनी पनि दिइएको छ । इन्जिनियरिङ एक्सपोर्ट प्रोमोसन काउन्सिलका अध्यक्ष पङ्कज चढ्ढाले सबैभन्दा ठूलो र आकर्षक बजारमा निर्भरता घटाउन विविधीकरण आवश्यक रहेको बताउँदै 'आफ्ना सबै अन्डा एउटै टोकरीमा नराख्नु राम्रो हो' भन्ने भनाइ दोहोर्याए। रासस

# इरानमा सरकारविरोधी आन्दोलन तीव्र

**इरान।**
इरानको इस्लामिक गणतन्त्रलाई प्रत्यक्ष चुनौती दिने राष्ट्रव्यापी विरोध प्रदर्शन दोस्रो हप्ता प्रवेश गर्दा हिंसात्मक दमनका कारण मृतकको सङ्ख्या कम्तीमा ११६ पुगेको मानव अधिकार कार्यकर्ताहरूले जनाएका छन्। इन्टरनेट र फोन सेवा अवरुद्ध गरिएको अवस्थामा पनि आइतबारसम्म राजधानी तेहरानसहित देशका ठूला सहरका सडकहरू प्रदर्शनकारीले भरिएका छन्।

अमेरिकास्थित मानव अधिकार निगरानी संस्थाका अनुसार प्रदर्शनसँग सम्बन्धित हिंसामा एक सयभन्दा बढीको ज्यान गएको छ भने झन्डै दुई हजार ६०० जनालाई हिरासतमा लिइएको छ । इरानले इन्टरनेट पूर्ण रूपमा बन्द गरेपछि घटनाको वास्तविक विवरण सङ्कलन गर्न कठिन भएको छ । नेटब्लक्सजस्ता अनुगमन संस्थाहरूले बिहीबारदेखि देशमा झन्डै कुनै पनि इन्टरनेट कनेक्टिभिटी नदेखिएको बताएका छन्।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानी अधिकारीहरूलाई चेतावनी दिँदै शान्तिपूर्ण प्रदर्शनकारीमाथि दमन भए 'ठूलो समस्या' हुने बताएका छन् । सामाजिक सञ्जालमा उनले 'इरानका जनता अहिले स्वतन्त्रता पाउने निकै नजिक पुगेका छन्, यस्तो अवस्था पहिले कहिल्यै आएको थिएन, यदि आवश्यक पर्यो भने अमेरिका उनीहरूलाई सहयोग गर्न तयार छ' भन्दै अमेरिका सहयोग गर्न तयार रहेको उल्लेख गरे । अमेरिकी सञ्चारमाध्यमहरूका अनुसार राष्ट्रपति ट्रम्पलाई इरानमाथि सम्भावित सैन्य कारबाहीका विकल्पबारे जानकारी दिइएको भएपनि अन्तिम निर्णय भएको छैन।

इन्टरनेट अवरोधका बीच पनि सामाजिक सञ्जाल र विदेशस्थित फारसी भाषी टेलिभिजनमार्फत बाहिरिएका भिडियोहरूमा उत्तरी तेहरानको पुनाक क्षेत्रमा प्रदर्शनकारीहरू भेला भएको देखिन्छ । उनीहरूले मोबाइल फोनको उज्यालो बाल्दै नारा लगाएका छन्, भाँडाकुँडा बजाएका छन् र कतिपय स्थानमा आतशबाजी गरिएको छ । अन्य दृश्यहरूमा मानिसहरू शान्तिपूर्ण रूपमा सडकमा मार्च गरिरहेका छन् भने कतै कारहरूले समर्थनमा हर्न बजाएका छन्।

इरानको दोस्रो ठूलो सहर मशहदमा सुरक्षा बल र प्रदर्शनकारीबीच आमनेसामने भएको दृश्यहरू देखिएका छन्। सडकमा जलिरहेको भग्नावशेष र डम्पस्टरले बाटो अवरुद्ध गरिएको छ। मशहद शिया इस्लामको पवित्र इमाम रेजा दरगाह रहेको सहर भएकाले त्यहाँको विरोध प्रदर्शनलाई इस्लामिक गणतन्त्रका लागि विशेष संवेदनशील मानिएको छ । दक्षिणपूर्वी सहर केरमान, उत्तरको तब्रिज, पवित्र सहर कोम र पश्चिमी हामेदानमा पनि ठूला प्रदर्शनहरू भएको रिपोर्ट आएका छन्।

इरानी राज्य टेलिभिजनले भने आइतबार धेरै सहरका शान्त क्षेत्र देखाउने प्रयास गरेको छ र सरकार समर्थक जुलुसहरू प्रसारण गरेको छ । तर तेहरान र मशहदका दृश्यहरू समेटिएका छैनन् । सर्वोच्च नेता आयातोल्लाह अली खामेनीले शुक्रबार एक कडा भाषणमा प्रदर्शनलाई बाह्य शक्तिद्वारा उक्साइएको भन्दै अमेरिकी चेतावनीको अवज्ञा गरेका छन् । यसैबीच, इरानका महान्यायाधिवक्ता मोहम्मद मोभेदी आजादले विरोध प्रदर्शनमा सहभागीलाई 'भगवानको शत्रु' ठहरिने र मृत्युदण्डसम्मको अभियोग लाग्न सक्ने चेतावनी दिएका हुन्।

एम्नेस्टी इन्टरनेसनल र अन्य अधिकार समूहहरूले सुरक्षा बलले प्रदर्शनकारीविरुद्ध अत्यधिक र घातक बल प्रयोग गरेको गम्भीर आरोप लगाएका छन् । नर्वेस्थित इरान मानव अधिकार समूहले मात्रै हालसम्म कम्तीमा ५१ जनाको मृत्यु पुष्टि भएको र वास्तविक सङ्ख्या अझ बढी हुनसक्ने जनाएको छ । उक्त समूहले पूर्वी तेहरानको एक अस्पतालमा गोली लागेर मारिएका व्यक्तिहरूको शव भएको तस्वीर सार्वजनिक गरेको छ। रासस

# कलाकार प्रशान्त तामाङको निधन



**काठमाडौं ।** गायक एवं कलाकार प्रशान्त तामाङको ४२ वर्षको उमेरमा आइतबार हृदयाघातका कारण निधन भएको छ । उनको निधनसँगै दार्जिलिङवासी लगायत संसारभर रहेका नेपाली भाषी यतिबेला निशब्द छ । सन् २००७ मा भारतीय टिभी रियालिटी शो इन्डियन आइडलको तेस्रो सिजनको ग्रान्ड फिनालेमा गायक तामाङले नेपाली भाषीबीच लोकप्रिय थिए । साथै उनले गायन क्षेत्रमा मात्रै नभई नेपाली चलचित्रमा समेत आफ्नो अभिनयले राम्रो छाप छोडेका छन् । उनको गायनसँगै अभिनयसमेत दर्शकले मन पराएका थिए । 'हिम्मत–२' बाट नेपाली चलचित्रमा पार्श्वगायकका रुपमा प्रवेश गरेका प्रशान्तले 'गोर्खा पल्टन' चलचित्रमा अभिनय गरेर अझै लोकप्रियता कमाएका थिए । उनको अभिनय यात्रा यसै चलचित्रबाट सुरु भएको थियो । अभिनेत्री केकी अधिकारीले सामाजिक सञ्जाल फेसबुकमार्फत गायक तामाङ काम गर्दाको क्षण अविस्मरणीय रहेको लेख्दै भावपूर्ण श्रद्धाञ्जली व्यक्त गरेका छन् । उनका अनुसार सन् २०१० देखि २०११ को समयमा तामाङको स्वरले सजिएको गीत 'मनसाइली' मा अभिनय गर्दा निकै अमूल्य पलहरू सँगालेको स्मरण गरे । साथै, परदेशी–२ मा उनीसँगै काम गर्दाका सम्झनाहरू, मुस्कान जीवन्त रहेको बताए । अभिनेत्री दिपाश्री निरौलाले तामाङलाई भावपूर्वक सम्झँदै पुराना तस्बिर फेसबुकमा सार्वजनिक गरेकी छिन् । गायन, अभियन मात्रै नभई तामाङको मिलवत् व्यवहारको प्रशंसा गरिन् । 'गोर्खा पल्टन', 'परदेशी', 'परदेशी–२' मा नारायण रायमाझीको निर्देशनमा तामाङले चलचित्र अभिनय गरेका थिए । रासस

# ज्येष्ठ नागरिकलाई सम्मान

**काठमाडौं ।** सुडी समाज काठमाडौंले विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान पुर्याउने व्यक्तिलाई सम्मान गरेको छ । सुडी समाज काठमाडौंको भक्तपुरमा आयोजित १५औँ वार्षिक साधारणसभा तथा सुडी पारिवारिक मिलन समारोह (वनभोज) कार्यक्रममा समाजको विकास र उन्नयनमा उल्लेखनीय योगदान पुर्याएबापत चार जना ज्येष्ठ नागरिकसहित विभिन्न व्यक्तित्वहरूलाई सम्मान गरेको हो ।
समाजका पूर्वअध्यक्ष तथा नेकपा एमालेका केन्द्रीय सदस्य जुली महतो, सुडी समाज महासङ्घ नेपालका अध्यक्ष परमेश्वर महासेठ र समाजका अध्यक्ष शीतलप्रसाद महतोले संयुक्त रुपमा ७२ वर्षमाथि उमेरसमूहका डा शङ्करप्रसाद साह सुडी, रामप्रताप पञ्जियार, विष्णु पूर्वे र जगदम्वा देवीलाई दोसल्ला ओढाएर सम्मान–पत्रद्वारा सम्मान गरे ।
यसैगरी इञ्जिनियरिङ्ग सेवातर्फ



नेपाल भ्यालुयर्स एसोसिएसनका अध्यक्ष इञ्जिनियर सञ्जय महतो तथा चिकित्सकतर्फ नेपाल डेन्टल एसोसिएशनका अध्यक्ष डा अजयकुमार साह र नेपाल दृष्टि विशेषज्ञ सङ्घका अध्यक्ष दीपक साहलाई प्रशंसा पत्रद्वारा सम्मान गरियो । त्यस्तै एसइई –२०८१ को परीक्षामा छात्रतर्फ चार जिपिए ल्यापर उर्तीण हुने रविराज पूर्वे तथा छात्रातर्फ ३ दशमलव ९६ जिपिए ल्याएर उर्तीण हुने बन्दना साहलाई नगदसहित सम्मानद्वारा सम्मान गरियो । पुरस्कारको राशि पाँच हजार एक सय पाँच रुपैयाँ रहेको छ ।
सभामा समाजद्वारा प्रकाशित समाजको गतिविधिसम्बन्धी बुलेटिनको विमोचन गरिएको छ ।
सो अवसरमा एमालेका केन्द्रीय सदस्य जुली महतोले ज्येष्ठ नागरिकको अनुभवले आउँदो पुस्ता लाभान्वित हुने बताउँदै ज्येष्ठ नागरिक सिङ्गो समाजको अनुभवका जिउँदो प्रतिमूर्ति र इतिहास भएको उल्लेख गरे । समाजमा अहिले व्याप्त रहेको नकारात्मक सोच र विचारले समाज सबल र समृद्ध हुन नसक्ने उल्लेख गर्दै उनले समाजको अग्रगामी रुपान्तरणका लागि नयाँ योजना र दृष्टिकोण आवश्यक रहेको बताए ।
सुडी समाज महासङ्घ नेपालका अध्यक्ष परमेश्वर महासेठले समाजप्रति समर्पित भएर सुडी समुदाय र समाजको गरिमालाई उच्च पार्नका लागि सुडी समाजको भूमिका र समर्पण महत्त्वपूर्ण रहेको बताउँदै सुडी समुदायका व्यक्तिबीच मैत्रीपूर्ण एवं पारस्परिक सम्बन्ध कायम गर्ने तथा सामाजिक, शैक्षिक, आर्थिक र स्वास्थ्यलगायत क्षेत्रको विकास, उन्नयन र सुडी समुदायको कल्याणका लागि समाज सक्रिय रूपमा लाग्नुपर्ने आवश्यकता रहेको औँल्याए ।
समाजका अध्यक्ष शीतलप्रसाद महतोले जीवनका अधिकांश समय विभिन्न क्षेत्रमा क्रियाशील रही आफ्नो, ज्ञान र सीपलाई समाज उपयोगी कार्यमा लगानी गरेका ज्येष्ठ नागरिक समाजका धरोहर र मार्गनिर्देशका रुपमा आदरणीय हुनुहुन्छ, भन्दै समाजको अग्रगामी रुपान्तरणका लागि हामी सबैले सकारात्मक सोचका साथ अघि बढ्नुपर्ने आवश्यकतामाथि जोड दिए ।
सभामा समाजका महासचिव डा प्रकाशचन्द्र पञ्जियारद्वारा प्रस्तुत समाजको सङ्गठनात्मक प्रतिवेदन र कोषाध्यक्ष विनोद महासेठद्वारा प्रस्तुत समाजको आर्थिक (आय–व्यय) प्रतिवेदनलाई सर्वसम्मत रुपमा पारित गरिएको थियो । सभामा समाजका प्रथम उपाध्यक्ष शङ्कर साह सुडी र सचिव वीरेन्द्रकुमार साहलगायतले सबल र समृद्ध समाज निर्माणका लागि समाजका सबै सदस्यबीच आपसी एकता, मित्रता, सहयोग र सद्भाव आवश्यक रहेको उल्लेख गरे । रासस

# डेढ वर्षपछि त्रिशुलीमा बसको अवशेष भेटियो



**चितवन ।** तनहुँको आँबुखैरेनी गाउँपालिका–५ द्वोन्द्राङ बेँसीस्थित त्रिशुली किनारमा बसको अवशेष भेटिएको छ ।
भरतपुर महानगरपालिका–२९ स्थित सिमलतालमा गत वर्ष बेपत्ता भएका दुई बसमध्ये एउटा हुनसक्ने आशङ्का गरिएको छ । बस बेपत्ता भएको ठाउँबाट २०० मिटर नजिक तनहुँतर्फ बसको अवशेष फेला परेको हो ।
इलाका प्रहरी कार्यालय मुग्लिनका प्रमुख प्रहरी निरीक्षक प्रतीक सिंहका अनुसार माछा मार्ने क्रममा जाल अड्किएपछि स्थानीयले खोतलेर हेर्दा बसजस्तो देखेपछि प्रहरीलाई खबर गरेका थिए । सोलगत्तै बालुवामा पुरिएको अवस्थामा बस देखिएपछि खन्ने काम भइरहेको छ । उनका अनुसार निलो रङको देखिएको र सिमलतालमा हराएको गणपति बसको रङसँग मिलेकाले सोही बस हुनसक्ने सम्भावना रहेको छ । यद्यपि बस निकालेपछि मात्रै यकीन भन्न सकिने उनले जानकारी दिए ।
विसं २०८१ असार २८ मा नारायणगढ–मुग्लिन सडकखण्डको सिमलतालबाट पहिरोसहित दुई बस त्रिशुलीमा बेपत्ता भएका थिए । बागमती प्रदेश–०३–००१ ख २४९५ नम्बरको गणपति र बागमती प्रदेश–०३–००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स त्रिशुलीमा बेपत्ता भएका थिए । दुई बसमा सवार ६५ जनामध्ये ११ जनाको शव फेला परेको थियो भने तीन जना घाइते भएका थिए । घटनामा ५१ जना बेपत्ता भएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक रविन्द्र खनालले बताए । रासस

# थारु समुदायको 'ढुम्री' नाच लोप हुँदै

**तुलसीपुर ।** नयाँ पुस्तामा थारु समुदायको ढुम्री नाच लोप हुँदै गएको छ । माघीको अघिल्लो दिन अर्थात् पुसको अन्तिम दिन रातभर ढुम्री नाच्ने चलन भएको अवस्थामा केही वर्षदेखि यो चलन लोप हुँदै गएको छ । गाउँका थारु समुदायका अगुवा वा महतवाको घरमा जम्मा हुने र रातभर ढुम्री गीत गाउने र नाच्ने चलन थियो । गीत गाउने, नाच्ने र रातभर आगो ताप्ने चलन थियो ।
थारु अगुवा आशाराम चौधरीको अनुसार यो हाम्रो संस्कार हो, रातभर नाचगान गर्ने र बिहान त्यही ढुम्री गीत गाउँदै नदी तथा खोलामा गएर नुहाउने गरिन्थ्यो । नुहाइसकेपछि महतवाले सबैलाई टीका लगाइदिने र पुनः महतवाकै घरमा पुग्ने चलन थियो । महतवाका घरमा पुगेपछि सबै आआफ्नो घरमा जाने चलन भएपनि पछिल्लो समय यो



चलन हराउँदै गएको थारु अगुवा चौधरीले बताए । पुर्खाहरूले यस्तो चलन अपनाउनु हुन्थ्यो उनले भने, तर अहिले नयाँ पुस्ताले यो कुरा चटक्कै छोडेका छन् ।
यस्तो चलन हराउँदै गएको २०–२५ वर्ष भइसकेको तुलसीपुर–१८ का फुलाराम चौधरीले बताए । पहिलेपहिले यसरी ढुम्री नाच नाच्ने गर्दथे, तर अहिले नाच्न छोडियो उनले बताए । नयाँ पुस्तालाई यो नाचका बारेमा जानकारी नहुँदा पनि समस्या हुने गरेको नमूना भुइँहारथान तुलसीपुरका अध्यक्ष रामशरण चौधरीले बताए । उनका अनुसार यो नाचले थारु समुदायको एकताको भावना जागृत गर्ने भन्दै यसलाई संरक्षण गर्न लागिएको छ ।
हाम्रो संस्कार, संस्कृति नभई थारु समुदायलाई एक भएको सन्देश दिने कुरा पनि हो, तर यो लोप हुने अवस्थामा छ, यसलाई संरक्षण गर्नुपर्छ, भनेर हामी लागिपरेका छौँ उनले बताए । यो नाच लोप भएपछि प्रत्येक वर्ष कार्यक्रम गरी नाच संरक्षणमा लागेको उनले बताए । रासस

# ट्रक दुर्घटनामा एकको मृत्यु

**काठमाडौं ।** पूर्व–पश्चिम राजमार्गअन्तर्गत मकवानपुरको मनहरी गाउँपालिका–९ ज्यामिरेमा आइतबार दिउँसो ट्रक र मोटरसाइकल आपसमा ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ ।
हेटौँडाबाट चितवनतर्फ जाँदै गरेको ना ४ ख ८९२१ नम्बरको ट्रक र मनहरीबाट ज्यामिरेतर्फ आउँदै गरेको ना ४६ प ६०२८ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किँदा मोटरसाइकल चालक मनहरी गाउँपालिका–७ निवासी ४० वर्षीय सूर्यबहादुर मोक्तानको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले जानकारी दिए ।
दुर्घटनामा परी गम्भीर घाइते मोक्तानको मनहरी अस्पतालमा प्राथमिक उपचारपश्चात् थप उपचारका लागि पुरानो मेडिकल कलेज चितवनमा भर्ना गरिएकोमा उपचारकै क्रममा दिउँसो ३ बजेतिर मृत्यु भएको प्रहरी नायब उपरीक्षक बोगटीले बताए । ठक्कर दिने ट्रक र चालक हेटौँडा उपमहानगरपालिका–११ थानाभर्याङ निवासी ५४ वर्षीय बुद्धिबहादुर स्याङ्तानलाई नियन्त्रणमा लिइ थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । रासस

# मेचीनगरमा प्रथम भाक्का उत्सव

**मेचीनगर ।** मेचीनगरमा पहिलो पटक राजवंशी समुदायले आइतबार प्रथम भाक्का पिठ्ठा उत्सव मनाएका छन् । मेचीनगर–७ इटाभट्टामा राजवंशी समाज विकास समिति मेचीनगरले आयोजना गरेको भाक्का उत्सवमा पाँच सय किलो चालमको पिठोको भाक्का बनाइएको हो ।
रैथाने परम्परागत खाद्य परिकारका रुपमा रहेको भाक्कालाई प्रवद्र्धन र सम्बद्र्धन गर्ने उद्देश्यले भाक्का उत्सव मनाइएको समितिका नगर अध्यक्ष दिनेश राजवंशीले बताए । भाषा, कला, संस्कार, संस्कृतिको पहिचानसहित आयोजना गरिएको भाक्का उत्सवले पर्यटन प्रवद्र्धनमासमेत सहयोग पुग्ने कार्यक्रमका प्रमुख अतिथि गोपालचन्द्र बुढाथोकीले बताए । उनले २५ भन्दा बढी जातजाति रहेको नगरमा राजवंशी समुदायको उलेख्य बसोबास रहेको जानकारी दिए ।
नगरका १५ वटै वटाबाट ३० जना जातीय पोसाक र गरगहनामा सजिएका राजवंशी समुदायका महिलाले भाक्काका परिकारका बनाएका छन् । पूर्वी तराईको झापा र मोरङका आदिवासी राजवंशी समुदायको भाक्का खाने पुरानो चलन हो । धानको पीठोबाट बनाइएको भाक्का पोसिलो, स्वादिलो हुने हुँदा पूर्वी तराईमा यो लोकप्रिय बनिरहेको छ ।
मङ्सिरबाट जिल्लाका काँकरभिट्टा, ईँटाभट्ट, बिर्तामोड, भद्रपुर, दमकलगायत सहरी क्षेत्र र ग्रामीण क्षेत्रका चोक तथा बजारमा भाक्का बनाएर राजवंशीलगायत अन्य समुदायले बिक्री गर्दै आएका छन् । पानीको बाफमा पकाइने र कुनै किसिमको मिसावट नहुने हुँदा भाक्का खानु स्वास्थ्यका लागि अति उत्तम हुने मेचीनगर नगरपालिका–७ वडाध्यक्ष प्रल्लाद ओलीले बताए ।
उनका अनुसार जिल्लाभरका राजवंशी समुदायले यही पुस २९ गतेलाई भाक्का दिवसका रुपमा नौ वर्षदेखि मनाउँदै आएका छन् । रासस

# निर्वाचन प्रहरी छनोटको प्रक्रिया शुरु

**काठमाडौं ।** आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनमा कास्कीमा दुई हजार ३०३ जना निर्वाचन प्रहरी खटाइने भएको छ ।
निर्वाचन प्रहरी भर्नाका लागि आगामी माघ १ गतेभित्र दरखास्त माग गरिएको निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्ति समितिले जनाएको छ । समितिका सदस्यसचिव एवं जिल्ला प्रशासन कार्यालयका सहायक प्रमुख जिल्ला अधिकारी चिलाङ्गत बरालले निर्वाचन प्रहरीमा भर्नाका लागि जिल्ला प्रहरी कार्यालय र सशस्त्र प्रहरी बल, नेपाल नं २४ कालिका गणमा दरखास्त बुझाउन सकिने बताए ।
निर्वाचन प्रहरी भर्नामा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बलबाट सेवानिवृत्त पूर्वसुरक्षाकर्मी, पूर्वनरक्षक, यसअघि सम्पन्न भएका विभिन्न निर्वाचनमा म्यादी प्रहरीका रुपमा सन्तोषजनक काम गरेका व्यक्ति र विदेशी मित्रराष्ट्रका सुरक्षा निकायमा काम गरी सेवानिवृत्त भएका नेपाली नागरिकलाई प्राथमिकता दिइने भएको छ ।
अठार वर्ष पूरा भई ५४ वर्ष ननाघेको साधारण लेखपढ गर्न जान्ने व्यक्तिले निर्वाचन प्रहरीका लागि दरखास्त दिन पाउने सहायक प्रमुख अधिकारी बरालले जानकारी दिए । आगामी माघ ५ देखि १० गतेभित्र छनोट प्रक्रिया सकिने र १२ गते नतिजा प्रकाशन गरिने उनको भनाइ छ । आगामी माघ १५ देखि २४ गतेसम्म निर्वाचन प्रहरीलाई प्रशिक्षण दिइने भएको छ । निर्वाचन प्रहरीको कार्य अवधि ४० दिन तोकिएको छ ।
निर्वाचन प्रहरीले ४० दिनको रु ३४ हजार ७७६, खाद्यान्न र पोसाक बापतको रकम, तयारी खर्च रु ८५६ र चार दिनको खाजा खर्च रु एक हजार २०० उपलब्ध गराइनेछ । प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको निर्वाचन प्रहरी भर्ना छनोट तथा नियुक्त गर्नेछ । जिल्ला प्रशासन कार्यालयले निर्वाचनलाई लक्ष्य गरी जिल्लाको सुरक्षा व्यवस्थालाई चुस्त र प्रभावकारी बनाउन तयारी अगाडि बढाएको छ ।
कार्यालयले कुनै व्यक्ति वा समूहसँग अवैध हातहतियार भएमा आगामी माघ १५ गतेभित्र नजिकको प्रहरी कार्यालयमा बुझाउन सार्वजनिक रुपमा सूचित गरेको सहायक प्रमुख जिल्ला अधिकारी चिलाङ्गत बरालले बताए । आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र भयरहित वातावरण सम्पन्न गर्न कार्यालयले उक्त आग्रह गरेको हो । तोकिएको समयमा हातहतियार तथा खरखजना नबुझाएमा प्रचलित कानुनबमोजिम कारबाही हुने जनाइएको छ । रासस

# जथाभावी 'एन्टिबायोटिक' प्रयोग नगर्न आग्रह

**नेपालगञ्ज ।** पशुपक्षीमा जथाभावी एन्टिबायोटिक औषधिको प्रयोग नगर्न आग्रह गरिएको छ । कृषि तथा खाद्य सङ्गठन (एफएओ) काठमाडौँको आयोजना तथा भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँकेको समन्वयमा भएको अन्तरक्रियामा सरोकार भएकाले पशुपक्षीमा जथाभावी एन्टिबायोटिकले समस्या बढाउने भएकाले प्रयोग नगर्न आग्रह गरिएको हो ।
बिरामी पशुपक्षीलाई पशु चिकित्सकको सल्लाहबिना उपचार गर्ने र अनावश्यक औषधिको प्रयोगले समस्या घट्नुको साटो बढ्दै गएको सरोकार भएकाको भनाइ छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रका प्रमुख डा गणेश पुनले पशुपालन गर्ने किसानले सम्बन्धित भेटेरिनरीसँग परामर्श गरेर मात्र औषधि प्रयोग गर्न आग्रह गरे । उनले बजार अनुगमनका क्रममा अनुगमनकर्तालाई अधिकार प्रत्यायोजन गर्न सके केही मात्रामा सुधार आउने उल्लेख गरे । भेटेरिनरी अस्पतालका अधिकृत भोजराज रावलले अनुगमन टोलीले दिएको निर्देशन खाद्य व्यवसायीले पालना नगर्ने भेटिएकाले यसमा सुधार ल्याउनुपर्नेमा जोड दिए । कुखुरा व्यवसायी मञ्चका अध्यक्ष धर्मराज पोखरेलले भारतबाट अवैध रुपमा भित्रने कुखुरा तथा माछा दाना र अण्डालाई रोक्न नसक्दा समस्या बढ्दै गएको गुनासो गरे ।
खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय नेपालगञ्जका प्रमुख प्रशान्त पोखरेलले खाद्य वस्तुको स्वच्छता बिगार्ने प्रमुख कारकतत्व भौतिक, रासायनिक र जैविक भएकाले खाद्य सुरक्षामा गम्भीर बन्नुपर्नेमा जोड दिए । यसको असर पाँच वर्षमुनिका बालबालिकामा पर्ने तथ्याङ्कले देखाएको उहाँले जानकारी दिए ।
उनले दूषित खाद्यपदार्थ बिक्री वितरण पूर्ण रुपमा बन्द गरिनुपर्नेमा जोड दिँदै न्यूनस्तरको खाद्य पदार्थ बिक्री गर्ने, झुक्याइ खाद्य पदार्थ बिक्री गर्ने र लेबल नलगाई उत्पादन गर्नेलाई कारबाहीको दायरामा ल्याउन सम्बन्धित निकाय प्रतिबद्ध हुन जरुरी रहेको बताए । कार्यक्रममा खाद्य तथा पोषण सुरक्षा आयोजनाका राष्ट्रिय कार्यक्रम संयोजक डा साकार सिवाकोटी, वरिष्ठ खाद्य अनुसन्धान अधिकृत कृष्ण राईले सहजीकरण गरेका थिए । रासस

# ‘कांग्रेसको नेतृत्वमा सुशासन र परिवर्तनको माग सम्बोधन गर्नुपर्छ’

**काठमाडौँ ।**
नेपाली कांग्रेसका नेता गुरु घिमिरेले विशेष महाधिवेशनमा हुने हरेक छलफलमा प्रत्यक्ष सहभागी भइ महाधिवेशनलाई उत्सवमार्फत ठीक दिशावोध गर्ने कार्यमा सक्रिय हुन आह्वान गरेका छन् ।

भृकुटीमण्डपमा भइरहेको विशेष अधिवेशनलाई सम्बोधन गर्दै नेता घिमिरेले भने, ‘नयाँ कार्यदिशा र नीति तय गरौँ, विधानमा संशोधन गरौँ, महाधिवेशन माग्दा राखेका विषय सम्बोधन गरौँ ।’

यस्तै कांग्रेस नेत्री पुष्पा भुसालले महाधिवेशनमार्फत तय हुने नीति र नेतृत्वले युवा पुस्ता विदेश पलायन तथा महिला हिंसामा पर्ने अवस्थाको अन्त्य गर्ने सन्देश दिनुपर्ने आवश्यकता औँल्याइन् ।

उनले भने, ‘महाधिवेशनबाट विश्ेवश्वरप्रसाद कोइरालाको विचारबाट खडा भएको इतिहास र सङ्घर्षलाई ऊर्जाका साथ अघि बढ्दै लोकतान्त्रिक विचारका साथ अघि बढ्ने छ, वाम गठबन्धनबाट मुक्त गर्नेछ, नयाँ जोसका साथ कांग्रेस एकताबद्ध भएर अगाडि बढ्नेछ ।’

नेता अर्जुननरसिंह केसीले कांग्रेसलाई नेताको पार्टी नभइ नीति र संस्थागत पार्टी बनाउन ठूलो शक्तिका रुपमा विशेष महाधिवेशन बोलाइएको बताए । नेता प्रदीप पौडेलले जेनजी आन्दोलनले नेपालका राजनीतिक दललाई कांग्रेसको नेतृत्वमा परिवर्तन गर्न सन्देश दिएकाले त्यो पक्षलाई महाधिवेशनले प्राथमिक सूचिमा राखेर निर्णय गर्नुपर्ने आवश्यकता औँल्याए ।

उनले भने, ‘जेन्जी आन्दोलनले कांग्रेसलाई खबरदारी गरेको छ, त्यसैले हामीले केही त्रुटि सुधार गरी अघि जानुपर्छ, लोकतन्त्र संस्थागत गर्ने र सुशासन कायम गर्ने सन्दर्भमा सशक्त भएर आउ भनेको छ ।’

नेता शुक्रराज शर्माले कांग्रेसलाई सुधार गरेर स्थापनाकालको जस्तो बनाउन आवश्यकता औँल्याउँदै त्यसबारेमा अहिले गम्भीर बहस र छलफल गर्न आवश्यक रहेको बताए । उनले नीतिगत सुधार गरी कांग्रेसलाई बलियो बनाउन तथा नेतृत्व पक्षलाई सुधार गरी युवा पुस्तालाई नेतृत्व प्रदान गर्न जरुरी रहेको विचार प्रकट गरे ।

नेता देवराज चालिसेले पार्टीको विशेष महाधिवेशन कांग्रेस पार्टीसँग मात्रै नभई जेनजी विद्रोह, देशको राजनीति, नवनिर्माण र परिर्वतनसँग जोडिएको बताए । उनले भने, ‘सत्तासँग सिद्धान्त बेच्ने राजनीतिले भ्रष्टिकरणको सुरुआत भयो, चुनावमा हुने स्वार्थ प्रेरित गठबन्धनले हामीलाई कहाँ पुर्‍याउछ ?’

नेपाली कांग्रेस बेल्जियम जनसम्पर्क समितिका पूर्वअध्यक्ष सीता सापकोटाले विशेष अधिवेशनमार्फत पार्टी रुपान्तरण र नेतृत्व हस्तान्तरणले विदेशमा रहेका लाखौँ युवा जनशक्तिलाई स्वदेश फर्काउन सक्ने विश्वास व्यक्त गरिन् ।

- **बन्दसत्र सोमबार बिहान**

नेपाली कांग्रेस विशेष महाधिवेशन पक्षधर समूहको आह्वानमा आइतबारदेखि शुरु भएको विशेष महाधिवेशनको बन्दसत्र सोमबार बिहान ८ बजेदेखि हुने भएको छ ।

कांग्रेस विशेष महाधिवेशन भ्रातृ तथा शुभेच्छुक संस्था समन्वय विभागकी संयोजक एवम् कांग्रेस केन्द्रीय सदस्य प्रतिमा गौतमले बिहान ८ बजेदेखि शुरु हुने बन्दसत्रमा विभिन्न नौ समूह बनाएर छलफल गरिने जानकारी दिइन् । बन्दसत्रका लागि प्रस्तुत कार्यविधिमाथि छलफल गरेर निष्कर्षमा पुगिने उनको भनाइ छ । बन्दसत्रमा जेन्जी आन्दोलनपछि विकसित राजनीतिक घटनाक्रममा जनचाहनाअनुसार कांग्रेसलाई कुन दिशामा अगाडि लैजाने भन्नेबारे बृहद् छलफल गरिने केन्द्रीय सदस्य गौतमले बताइन् । बन्दसत्रको अध्यक्षता भने पार्टीको ज्येष्ठ सदस्यले गर्नेछन् ।

# नक्कली नोट छाप्ने मेसिनसहित पक्राउ

**मधेशदृष्टि**
**बारा ।**
नक्कली नोट छाप्ने मेसिन तथा सामग्रीसहित एक जना युवकलाई प्रहरीले नियन्त्रणमा लिएको छ । भारतको मोतिहारीबाट नेपालको काठमाडौँतर्फ सामान लैजाँदै गरेका युवकलाई नेपाल प्रहरीले बारा जिल्लाको क्षेत्रमा पक्राउ गर्न सफल भएको हो । पक्राउ पर्नेमा बाराको, फेटा–३ घर भई हाल भारतको मोतिहारी लाला टोलस्थित पतौनामा डेरा गरी बस्दै आएका २८ वर्षीय रविकुमार श्रीवास्तव छन् । उनलाई प्रहरीले सोमबार पक्राउ गरेर अनुसन्धान गरिरहेको प्रहरी स्रोतले मधेशदृष्टिलाई बताएको हो । भारतीय नम्बर प्लेट बीआर ०५ एएफ २५ ११ रहेको मोटरसाइकलमा नोट छाप्ने प्रिन्टिङ मेसिन, कम्प्युटर तथा अन्य सामग्री नेपाल ल्याउँदै गरेको अवस्थामा उनलाई सीमा क्षेत्रबाट पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

# सशस्त्र प्रहरी दिवसः पर्सा र बाराका विपन्न परिवारलाई न्यानो कपडा



**मधेशदृष्टि**
**वीरगंज ।**
‘२५औँ सशस्त्र प्रहरी दिवस २०८२’ को अवसरमा सशस्त्र प्रहरी बल नेपाल पर्साले सीमावासीसँग सशस्त्र प्रहरी कार्यक्रम अन्तर्गत रोटरी क्लब अफ वीरगंजको सहकार्यमा सीमावर्ती क्षेत्रका विपन्न परिवारलाई न्यानो कपडा वितरण गरेको छ । सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हे.क्वा. पर्साको आयोजनामा पर्सा जिल्लाका विभिन्न पालिकामा रहेका २०३ विपन्न घरपरिवारलाई जाडोबाट राहत पुर्‍याउने उद्देश्यले न्यानो कपडा प्रदान गरिएको हो ।

सीमा सुरक्षा गुल्म हे.क्वा. अलौको प्राङ्गणमा वीरगंज महानगरपालिका–१७ का ३४ विपन्न परिवार, बीओपी अमरपट्टीमा बिन्दवासिनी गाउँपालिका–३, ४ र ५ का ३७ परिवार, बीओपी पिडारीगुठ्ठीमा जगरनाथपुर गाउँपालिका–१ का १६ परिवार, बीओपी भिष्वामा छिपहरमाई गाउँपालिका–३, ४ र ५ का ७१ परिवार, बीओपी महादेवपट्टीमा जिराभवानी गाउँपालिका–१ का १५ परिवार तथा सीमा सुरक्षा गुल्म हे.क्वा. भिखमपुरमा धोविनी गाउँपालिका–२ र जगरनाथपुर गाउँपालिका–२ का ३० विपन्न परिवारलाई न्यानो कपडा वितरण गरिएको हो ।

सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हे.क्वा. पर्साका सूचना अधिकारी सशस्त्र प्रहरी नायब उपरीक्षक मोहनराज निरौलाका अनुसार सीमावर्ती क्षेत्रका विपन्न नागरिकलाई लक्षित गर्दै सामाजिक उत्तरदायित्वअन्तर्गत विभिन्न स्थानीय तहमा रहेको विपन्न् परिवारहरुलाई न्यानो कपडा वितरण गरिएको हो । सशस्त्र प्रहरी बल नेपाल नं. १३ गण हे.क्वा. पर्साका गणपति सशस्त्र प्रहरी उपरीक्षक पुरन चन्द्र भट्टको प्रमुख आतिथ्यतामा आयोजित कार्यक्रममा विभिन्न वडाका जनप्रतिनिधिहरुको उपस्थितिमा न्यानो कपडा वितरण गरिएको थियो ।

यसैगरि सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गण हेडक्वार्टर, बाराले २५ औँ सशस्त्र प्रहरी दिवसको अवसरमा विपन्न बालबालिकालाई न्यानो कपडा वितरण गरेको छ । आइतबार बारा जिल्लाको पचरौता नगरपालिका–१ हरपुरस्थित मुसहर बस्तीमा रहेको श्री दलित प्राथमिक विद्यालयका १२४ जना बालबालिकालाई कपडा प्रदान गरिएको हो ।

सशस्त्र प्रहरी बल नेपाल नम्बर १२ गणका गणपति तथा सशस्त्र प्रहरी उपरीक्षक खुम बहादुर केसीका अनुसार कार्यक्रममा बालबालिकालाई कपडा वितरणसँगै खाना पनि खुवाइएको थियो भने विद्यालय भवनमा रङरोगनसमेत गरिएको छ ।

कार्यक्रमका प्रमुख अतिथि पचरौता नगरपालिकाका प्रमुख जलन्धर सिंह जैसवारले सशस्त्र प्रहरीको यस पहललाई सराहनीय भन्दै विद्यालयको सुरक्षाका लागि अगाडिको पर्खाल निर्माण गरिएको जानकारी दिए । साथै, आगामी आर्थिक वर्ष २०८३/८४ मा चार कोठे नयाँ विद्यालय भवन निर्माण गर्ने प्रतिबद्धता पनि व्यक्त गरे । नगरप्रमुख जैसवारले दलित बस्तीको सडक चाँडै ढलान गरिने र वडामा स्वास्थ्य, शिक्षा, सडक, कृषि लगायतका क्षेत्रमा करिब ८ करोड रुपैयाँ बराबरका विकासकार्य सञ्चालनमा रहेको बताए ।

विद्यालयका प्रधानाध्यापक बजरंगी माझीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वडा नम्बर १ का वडा अध्यक्ष विनय कुमार सिंह, इलाका प्रहरी कार्यालय सिम्रौनगढका प्रहरी निरीक्षक कृष्णदेव साह, शिक्षक, अभिभावक, स्थानीय बासिन्दा तथा सञ्चारकर्मीहरूको उपस्थिति रहेको थियो । सशस्त्र प्रहरी नायब निरीक्षक विक्रम पौडेलले कार्यक्रम संचालन गरेका थिए ।

यसै अवसरमा बारा जिल्लाकै कलैया उपमहानगरपालिका–१६ स्थित श्री विद्यामन्दिर जोगिन्दर सामुदायिक आधारभूत विद्यालयमा भलिबल, फुटबललगायत विभिन्न खेलकुद सामग्रीसमेत वितरण गरिएको सशस्त्र प्रहरी उपरीक्षक केसीले जानकारी दिएका छन् ।

# रेडक्रस सोसाइटी पोखरिया उप–शाखाको बार्षिकसाधारणसभा



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल रेडक्रस सोसाइटी पोखरिया उपशाखाको ३६ औ उपशाखा वार्षिक सधारण सभा सम्पन्न भएको छ । पर्साको पोखरिया नगरपालिका स्थित जिल्ला उचागल रामदेव कलवार उच माध्यमिक बिधालय पोखरियाको सभाहलमा आयोजित साधारणसभमा २०८१/०८२/ आय ब्यय १० लाख ९१ हजार २ सय २३ रुपैयाको र २०८२/०८३ को अनुमानित आय,ब्यय ११ लाख ३८ हजार ८५ रुपैयाको बजेट प्रस्तुत गरिएको थियो । उपशाखाका सचिव हिमाञ्चल साहले बजेट प्रस्तुत गरेका थिए ।

सधारण सभाको प्रमुख अतिथी रहेका पोखरिया नगरपालिकाको नगरप्रमुख प्रधुमन चौहानले नेपाल रेडक्रस सोसाइटी पबित्र संस्था रहेकोले शाखालाई चाहिने आवश्यक सहयोग गर्न तयार रहेको बताए । उनले उपशाखाको लागि नगरपालिकाबाट पहिला पनि सहयोग गरिएको स्मरण गराउँदै आउँदो दिनमा पनि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाए । उनले उपशाखाको भवनको लागि टाउन पलानिङ्गमा पाँच धुर जग्गा उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे ।

नेपाल रेडक्रस सोसाइटी पर्साका मन्त्री बिनोद गिरीले आफु ९ कक्षामा पढिरहेको बेलादेखि अहिले सम्म योगदान पुर्‍याएको स्मरण गराउँदै सँस्थाप्रति आफ्नो लगाव जीवनभरि रहने बताए ।

पोखरियाका वडा अध्यक्ष लक्षमण साह कानुले पोखरिया उपशाखाको सहयोगार्थ एक लाख रुपैया सहयोग दिने घोषना गरे । पोखरिया रेडक्रस सोसाइटी उपशाखाका सभापति भगवान प्रसाद कुर्मीको सभापतित्वा आयोजित कार्यक्रममा कार्यक्रममा वडाअध्यक्ष लक्षमण साह, प्रमोद गिरी, डाक्टर वकिल मियाँ प्रदेशिक अस्पताल पोखरियाका अध्यक्ष उमेश चौहान, पानालाल पटेल, लगायतले आआफ्नो मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममामा उपशाखाको सशस्त्र प्रहरीका डिएसपी शम्भु कट्वाल, ईलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरिक्षक प्रदिप पौडेल, सह कोषाध्यक्ष शशिभुषन पटेल, सदस्य नेता गिरी लगायत कार्यसमितिका पदाधिकारीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । उपशाखाले समय समयमा रक्तदान, सरसफाइ जस्ता समाजप्रति समर्पित बिभिन कार्यक्रम गर्दै आएको छ ।




# श्रोत नखुलेको रकमसहित एक पक्राउ

**सिरहा ।**
सिरहाको सीमा क्षेत्रमा सशस्त्र प्रहरीले श्रोत नखुलेको १० लाखभन्दा बढी नगद रकमसहित एक व्यक्तिलाई नियन्त्रणमा लिएको छ । सशस्त्र प्रहरी बल, नेपाल सीमा सुरक्षा गुल्म मुख्यालय ईनर्वा, सिरहाबाट खटिएको टोलीले आइतबार करिब १ बजेको समयमा भगवानपुर गाउँपालिका–४ ठाडीस्थित दशगजा इलाका नजिक मुख्य सीमा स्तम्भ नम्बर २४६ आसपास चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ आउँदै गरेको अवस्थामा भगवानपुर गाउँपालिका–३ मरिकटोल बस्ने २४ वर्षीय देवनाथ यादव रहेको सशस्त्र प्रहरीले जनाएको छ । चेकजाँचका क्रममा यादवको साथबाट श्रोत नखुलेको नेपाली रुपैयाँ १० लाख तीन हजार नौ सय ९० रुपैयाँ नगद र साथमा उनले प्रयोग गरेको मोटरसाइकल र एक थान मोबाइल फोन बरामद गरिएको छ । नियन्त्रणमा लिइएका व्यक्ति तथा बरामद नगद र सामग्रीहरू आवश्यक कारबाहीका लागि सम्बन्धित भन्सार कार्यालय बुझाउने प्रक्रिया अगाडि बढाइएको सशस्त्र प्रहरीले जनाएको छ ।

यस विषयमा सशस्त्र प्रहरी बल सिरहाका प्रमुख सशस्त्र प्रहरी उपरीक्षक नरेश भण्डारीले सीमा क्षेत्रमा अवैध रकम तथा ओसारपसार नियन्त्रणका लागि निगरानी र सुरक्षा जाँचलाई थप कडाइ गरिएको जानकारी दिए । रासस




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्क: वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालय: जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्ष: ध्रुव साह, सम्पादक: रामकुमार एलन